# महालेखापरीक्षकको वार्षिक प्रतिवेदन २०७८

## लालझाडी गाउँपालिका

## कञ्चनपुर




महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

## *Serving the Nation and the People*

### दूरदृष्टि (Vision)

जनहितका लागि जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था हुन प्रयत्नशील रहने ।

(We strive to be a credible institution in promoting accountability, transparency and integrity for the benefit of the people)

### गन्तव्य (Mission)

सरोकारवालालाई सार्वजनिक कोषको दक्षतापूर्ण उपयोग सम्बन्धमा आश्वस्त पार्न स्वतन्त्र एवम् गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने ।

(Provide independent and quality audit service to assure our stakeholders that the public funds are efficiently used)

### मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| निष्ठा | (Integrity) |
| स्वतन्त्रता | (Independence) |
| व्यवसायिकता | (Professionalism) |
| पारदर्शिता | (Transparency) |
| जवाफदेहिता | (Accountability) |

# महालेखापरीक्षकको कार्यालय
# Office of the Auditor General

बबरमहल, काठमाडौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal
**प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय**
**(लुम्बीनी, कर्णाली र सुदूरपश्चिम प्रदेश)**


प.सः २०७८।७९
च.नः ४२

मितिः २०७८।५।४

**विषयः लेखापरीक्षण प्रतिवेदन ।**

श्री अध्यक्षज्यू,
लालझाडी गाउँपालिका, कञ्चनपुर

नेपालको संविधानको धारा २४१ बमोजिम त्यस कार्यपालिकाको आर्थिक वर्ष २०७६।७७ को लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) बमोजिम यो प्रतिवेदन जारी गरिएको छ । उक्त प्रतिवेदन लेखापरीक्षण ऐन, २०७५ को दफा २० (३) र दफा २२ बमोजिम कारवाहीको लागि अनुरोध छ ।

..............................
नारायण एम.सी.
( नायव महालेखापरीक्षक)

***बोधार्थः***
**सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय,**
**सिंहदरवार, काठमाडौं** — प्रतिवेदन संलग्न छ ।


Phone: 4258174, 4266034, A.G. Fax: 977-1-4268309, Fax: 977-1-4262798, Post Box:13328
Email : aag.mgmt@oagnep.gov.np,Info@oag.gov.np Website : www.oagnep.gov.np


"जनहितका लागि जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धनमा विश्वसनीय लेखापरीक्षण संस्था"

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखापरीक्षण नियमितता, मितव्ययीता, कार्यदक्षता, प्रभावकारीता र औचित्यको आधारमा महालेखापरीक्षकबाट हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक गाउँपालिका र नगरपालिकाको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्थाबमोजिम स्थानीय तहको २०७६।७७ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, सरकारी लेखापरीक्षण मानदण्ड, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र निकायसँग सम्बन्धित ऐन, नियमको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको प्रमुख उद्देश्यहरुमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानूनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी र जवाफदेहिता एवं सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु रहेको छ । त्यसैगरी स्रोत साधनको प्राप्ती र उपयोग सम्बन्धमा प्रचलित कानूनको पालना भए नभएको विश्लेषण गरी वित्तीय ब्यवस्थापनमा सुधारका लागि सुझाव प्रस्तुत गरी सुशासन प्रबर्द्धनमा टेवा पुऱ्याउनु लेखापरीक्षणको उद्देश्य रहेको छ ।

आर्थिक वर्ष २०७६।७७ को लेखापरीक्षण सम्पन्न भएपश्चात जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका विषयहरु मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर राय सहितको अन्तिम प्रतिवेदन पठाइएको छ । प्रतिवेदनमा दिएका सुझावहरुको कार्यान्वयनबाट स्थानीय तहमा रहेको सीमित स्रोत साधनको उपयोग गरी विकास निर्माण र सेवा प्रवाहमा मितव्ययिता, दक्षता र प्रभावकारिता हासिल गर्न सहयोग पुग्ने अपेक्षा गरिएको छ । फलस्वरुप स्थानीय तहको कार्यसम्पादनमा जवाफदेहिता र पारदर्शिता प्रबर्द्धन हुने विश्वास लिइएको छ ।

लेखापरीक्षणबाट मूलतः आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आय ठेक्का व्यवस्थापनमा स्पष्ट कानूनी व्यवस्था नभएको, आय सङ्कलन न्यून रहेको, पर्याप्त आधार बेगर राजस्व छुट दिएको, बक्यौता असुलीमा प्रभावकारीता नआएको, बजेट अनुशासन कमजोर रहेको, अबण्डा बजेट राखेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरी अनुमोदन गर्ने गरेको, वर्षान्तमा बढी खर्च गरेको, खरिद कानून विपरीत सोझै खरिद गरेको, अत्यधिक प्रशासनिक खर्च गरेको, बचत अनुदान फिर्ता नगरेको, वितरणमूखी खर्चको बाहुल्यता रहेको जस्ता प्रवृत्ति देखिएका छन् । त्यसैगरी विकास निर्माणतर्फ योजना प्राथमिकीकरण नगरेको, साना तथा टुक्रे आयोजनाको छनौट गरेको, जटिल प्रकृतिका कार्यहरु समेत उपभोक्ता समितिबाट गराएको, तोकिएबमोजिम जनसहभागिता नजुटेको, दीगो विकासका लक्ष्य अनुरुप योजना र कार्यक्रम तर्जुमा नगरेको, दीर्घकालीन विकासको खाका तर्जुमा नभएको जस्ता समस्या रहेका छन् ।

स्थानीय तहको आन्तरिक व्यवस्थापनतर्फ आवश्यक अनुभवी र दक्ष जनशक्तिको कमी रहेको, कर्मचारी नियुक्ति तथा बढुवामा प्रदेश लोकसेवा आयोगको परामर्श नलिएको, सेवा प्रवाहमा अपेक्षित सुधार हुन नसकेको, स्रोत, साधन र सम्पत्तिको दुरुस्त अभिलेख नरहेको, सञ्चालित योजना, कार्यक्रम, सेवा प्रवाहको अभिलेख नराखेको, बैंक हिसाब विवरण तयार गर्ने नगरेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहेको छ । साथै आन्तरिक लेखापरीक्षण भरपर्दो र प्रभावकारी नभएको पाइएको छ। स्थानीय तहमा लेखा समितिको गठन, कार्यक्षेत्र, लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजू फछ्र्यौट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा हुन बाँकी रहेको पाइएको छ । लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरु सुधार गरी गत विगतका बेरुजु उपर अपेक्षितरुपमा आवश्यक कारवाही भए गरेको समेत देखिएन ।

समय र जनशक्तिको सीमितताको बावजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको थियो । लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीले स्थानीय तहका प्रमुख सहितका पदाधिकारीहरुसँग छलफल समेत गरिएको थियो । लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका ब्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापन, भौतिक पूर्वाधार र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुर्‍याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरु र लेखापरीक्षण तथा प्रतिवेदन तयारीमा संलग्न यस कार्यालयका कर्मचारीहरु सबैलाई धन्यवाद ज्ञापन गर्दछु ।

**(टंकमणि शर्मा, दंगाल)**

२०७८ भाद्र ४ गते

**महालेखापरीक्षक**

# महालेखापरीक्षकको कार्यालय
# Office of the Auditor General

बबरमहल, काठमाडौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal
**प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय**
**(लुम्बीनी, कर्णाली र सुदूरपश्चिम प्रदेश)**


**प.सः २०७८।७९** मितिः २०७८।५।४
**च.नः४३**

**विषयः लेखापरीक्षण प्रतिवेदन**

श्री अध्यक्षज्यू,
लालझाडी गाउँपालिका, कञ्चनपुर

## कैफियत सहितको राय

हामीले लालझाडी गाउँपालिकाको आर्थिक वर्ष २०७६।७७ को वित्तीय विवरण र त्यससँग सम्बन्धित आय व्यय विवरण तथा लेखा टिप्पणीहरूको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असरबाहेक, पेश भएको २०७७ आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७६।७७ को वित्तीय विवरण र त्यससँग सम्बन्धित आय व्यय विवरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानून र परम्परा बमोजिम सारभूत रुपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ ।

## कैफियत सहितको राय व्यक्त गर्ने आधार

१. लेखापरीक्षणबाट रु.९९ लाख ८९ हजार बेरुजु देखिएको छ । सोमध्ये असुल गर्नुपर्ने रु.७ लाख ७३ हजार, प्रमाण कागजात पेश गर्नुपर्ने रु.३४ लाख ६३ हजार, नियमित गर्नुपर्ने रु.५५ लाख ३४ हजार र पेस्की बाँकी रु. २ लाख १९ हजार रहेको छ ।

२. लेखापरीक्षणमा देखिएका व्यहोराहरूका सम्बन्धमा मिति २०७७।१२।२५ मा जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्रतिक्रिया पेस हुन नआएकोले उक्त प्रारम्भिक प्रतिवेदनमा उल्लिखित बेरुजुका व्यहोराको अन्तिम प्रतिवेदन पाना २७(सत्ताइस) यसैसाथ संलग्न छ ।

३. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले गाउँपालिकाको पेस्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षणमान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानून बमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं । त्यसका लागि स्वीकृत आचारसंहिता अनुसार हामीले काम गरेका


Phone: 4258174, 4266034, A.G. Fax: 977-1-4268309, Fax: 977-1-4262798, Post Box:13328
Email : aag.mgmt@oagnep.gov.np,Info@oag.gov.np Website : www.oagnep.gov.np
"जनहितका लागि जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धनमा विश्वसनीय लेखापरीक्षण संस्था"

छौं । लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ ।

**वित्तीयविवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानूनबमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय विवरण सारभूत रुपमा गलत आँकडारहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने जिम्मेवारी गाउँपालिका व्यवस्थापनमा रहेको छ ।गाउँ कार्यपालिका, अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत गाउँपालिकाको वित्तीय प्रतिवेदन प्रकृयाको अनुगमनका लागि जिम्मेवार रहेका छन् ।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ती समेतका कारण सारभूत रुपमा गलत आँकडारहित रहेको होस भनि उचित आश्वस्तता प्राप्त गरी रायसहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो । लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षणमान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानून बमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउन सक्ने निश्चितता भने हुदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तीलाई सारभूत रुपमा गलत आँकडा मानिएको छ ।

नारायण एम. सी.
( नायब महालेखापरीक्षक)

Phone: 4258174, 4266034, A.G. Fax: 977-1-4268309, Fax: 977-1-4262798, Post Box:13328
Email : aag.mgmt@oagnep.gov.np,Info@oag.gov.np Website : www.oagnep.gov.np

## लालझाडी गाउँपालिका
## लेखापरीक्षण प्रतिवेदन
२०७६।७७

**परिचय** – स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले यस गाउँपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु गाउँपालिकाको उद्देश्य रहेको छ । यस गाउँपालिका अन्तर्गत ६ वडा, १५४.६५ वर्ग किलोमिटर क्षेत्रफल तथा २२ हजार ५६९ जनसंख्या रहेको छ ।

**संचित कोष :** आर्थिक वर्ष २०७६।७७ को समग्र संचित कोषको संक्षिप्त अवस्था निम्नबमोजिम रहेको छ।

| सि.नं | आयतर्फ | | | सि.नं | व्ययतर्फ | | |
|---|---|---|---|---|---|---|---|
| | विवरण | रकम | रकम | | विवरण | रकम | रकम |
| १ | **गत वर्षको जिम्मेवारी** | | ४०१६२३८५ | १ | **चालु खर्च** | | ११९३२४१२७ |
| | क) नगद | | | २ | **पूँजीगत खर्च** | | १२२५६४३६१ |
| | ख) बैंक | ४०१६२३८५ | | ३ | **वित्तिय व्यवस्था भुक्तानी** | | |
| २ | **राजस्व ( आन्तरिक आय)** | | ६१३२२०२३ | | क) ऋण भुक्तानी | | |
| | क) आन्तरिक राजस्व | १०३३५१९५ | | | ख) ब्याज भुक्तानी | | |
| | ख) राजस्व बाँडफाँड | ५०९८६८२८ | | | ग) अन्य भुक्तानी | | |
| | ग) अन्य आय | | | ४ | **लगानी** | | |
| ३ | **वित्तिय हस्तान्तरण संघ** | | १९०६२२१३० | | ऋण लगानी | | |
| | क) वित्तिय समानीकरण अनुदान | ९०६००००० | | | शेयर लगानी | | |
| | ख) सशर्त अनुदान | ९६५९५५०० | | | अन्य लगानी | | |
| | ग) समपूरक अनुदान | ३४२६६३० | | ५ | **अन्तरसरकारी अख्तियारी** | | ४१५५२७०९ |
| | घ) विशेष अनुदान | | | | क) सामाजिक सुरक्षा | ३२८५४००० | |
| ४ | **प्रदेश सरकारबाट प्राप्त अनुदान** | | २६६४११९७ | | ख) राष्ट्रिय परिचयपत्र तथा पञ्जिकरण | १०१९९३२ | |
| | क) वित्तिय समानीकरण अनुदान | ६८२८००० | | | ग) स्थानीय पुर्वाधार विकास साझेदारी कार्यक्रम | ६२९७४३५ | |
| | ख) सशर्त अनुदान | ७०१९००० | | | घ)गरिवसँग विश्वेश्वर कार्यक्रम | ४९३३४२ | |
| | ग) समपुरक अनुदान | ११०००००० | | | सामाजिक सुरक्षा फिर्ता | ८८८००० | |
| | घ) विशेष अनुदान | १७९४१९७ | | ६ | **अन्य** | | ५८६०९०८ |
| ५ | **अन्तर सरकारी अख्तियारी** | | ४१५५२७०९ | | क) जिल्ला समन्वय समिति पूर्वाधार विकास कार्यक्रम | ५२५०००० | |
| | क) सामाजिक सुरक्षा | ३३७४२००० | | | ख) एन. एन. एस. डव्ल्यु. ए. | २५०००० | |
| | ख) राष्ट्रिय परिचयपत्र तथा पञ्जिकरण | १०१९९३२ | | | ग) PLGSP | ३६०९०८ | |
| | ग) स्थानीय पुर्वाधार विकास साझेदारी कार्यक्रम | ६२९७४३५ | | ७ | **स्थानीय प्रकोप व्यवस्थापन कोष** | | ५९१७९०० |
| | घ)गरिवसँग विश्वेश्वर कार्यक्रम | ४९३३४२ | | ८ | **धरौटी फिर्ता** | | ३१०८००४ |
| ६ | **अन्य** | | ६०१०९०८ | ९ | **शसर्त अनुदान फिर्ता** | | १९७५०३२६ |
| | क) जिल्ला समन्वय समिति | ५२५०००० | | | **क) संघीय सशर्त अनुदान** | १४२८४८२६ | |

| सि.नं | आयतर्फ | | | सि.नं | व्ययतर्फ | | |
|---|---|---|---|---|---|---|---|
| | विवरण | रकम | रकम | | विवरण | रकम | रकम |
| | पूर्वाधार विकास कार्यक्रम | | | | **फिर्ता** | | |
| | ख) एन. एन. एस. डव्ल्यु. ए. | ४००००० | | | **ख) प्रदेश सशर्त अनुदान फिर्ता** | ५४६५५०० | |
| | ग) PLGSP | ३६०९०८ | | १० | **बाँकी मौज्दात** | | ६३४८७११८ |
| ७ | **स्थानीय प्रकोष व्यवस्थापन कोष** | | ७२५१२६७ | | क) सञ्चित कोष | ५७५४४६७३ | |
| ८ | **कर्मचारी कल्याण कोष** | | ३३२००० | | ख) धरौटी खाता | ४४९३८३० | |
| ९ | **विभाज्य कोष** | | | | ग) विभाज्य कोष | ११५२४८ | |
| १० | **धरौटी आय** | | ७६७०८३४ | | घ) कर्मचारी कल्याण कोष | | |
| ११ | **लगानीको साँवा फिर्ता** | | | | ङ) प्रकोप व्यवस्थापन कोष | १३३३३६७ | |
| | **जम्मा** | | **३८१५६५४५३** | | **जम्मा** | | **३८१५६५४५३** |

| दफा नं. | भौ.नं, मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | लेखापरीक्षणमा पेश भएको श्रेस्ता तथा आर्थिक कारोबारहरुको जोखिम विश्लेषण, लेखापरीक्षण नीति, मापदण्ड, व्यवस्थापन प्रतिनिधित्व पत्र, लेखापरीक्षण मार्गदर्शन, व्यवसायिक लेखापरीक्षणका असल अभ्यासको आधारमा तयार गरीएको स्वीकृत लेखापरीक्षण योजना, कार्यक्रम र लेखापरीक्षणको विधि अनुसार लेखापरीक्षण सम्पन्न गरिएको छ । लेखापरीक्षकको जिम्मेवारी लेखापरीक्षणको निष्कर्ष सहित प्रतिवेदन जारी गर्नु हो भने आर्थिक कारोबार र वित्तिय विवरणको शुद्धताको जिम्मेवारी व्यवस्थापन पक्षको रहेको छ । उक्त आधारमा लेखापरीक्षण सम्पन्न गरी देखिएका व्यहोराहरु उपर मिती २०७७।१२।२४ मा व्यवस्थापनसँग छलफल गरी कायम भएका व्यहोराहरु निम्न अनुसार छन् : | |
| | **लेखापरीक्षणको क्रममा असुली :२५०००।-** | |
| | **वित्तीय विवरण विश्लेषण** | |
| १. | **वित्तीय विवरण** – स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७२ मा गाउँपालिका तथा नगरपालिकाले प्रत्येक वर्षको साउन एक गतेदेखि आगामी वर्षको असार मसान्तसम्मको अवधिलाई आर्थिक वर्ष कायम गरी आय र व्ययको हिसाव राख्नुपर्दछ । सोही ऐनको दफा ६९ मा तोकिए अनुसार गाउँपालिका तथा नगरपालिकाले आफ्नो आर्थिक कार्य प्रणालीको व्यवस्थापन गर्नुपर्दछ । स्थानीय तहले संचित कोषमा गत विगतको बाँकी यस वर्ष प्राप्त रकम र संचित कोषवाट भएको खर्च स्पष्ट देखिने गरी खाता राखेको छैन । त्यसैले तोकेबमोजिमका वित्तीय विवरणहरु तथा खाताहरु अद्यावधिक गरी आय र व्ययको वास्तविक स्थिति देखिने गरी लेखांकन गर्नुपर्दछ । | |
| २. | **जिम्मेवारी फरक परेको** – स्थानीय तहको सञ्चित कोषमा गत विगतको बाँकी, यस वर्ष प्राप्त र खर्च भएको रकम स्पष्ट देखिने गरी हिसाब राख्ने र जिम्मेवारी एकिन गर्नुपर्दछ । तर स्थानीय तहको लेखापरीक्षण प्रतिवेदनअनुसार गत वर्षको अन्त्यमा सञ्चित कोषमा रु.४०११६९४५।- मौज्दात कायम भएकोमा यो बर्षको शुरुमा रु. ४०१६२३८५।- जिम्मेवारी सारेको देखियो । जस अनुसार लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएको भन्दा रु.४५४४०।— बढी जिम्मेवारी सारेको सम्बन्धमा यकिन गर्नुपर्ने रु. | ४५४४० |
| ३. | **आन्तरिक नियन्त्रण प्रणाली:** स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नुपर्नेमा लागु गरेको पाईएन। यस सम्वन्धमा देखिएका अन्य व्यहोराहरु तपशिल वमोजिम रहेका छन ।<br>• स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्नेमा गरेको पाईएन ।<br>• पालिकाले एक आर्थिक वर्ष भित्र भएको आर्थिक कारोवारको अनुसुची १४ वमोजिमको ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाईएन ।<br>• स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७५ बमोजिम एक आर्थिक वर्षमा खर्च हुन नसकी बाँकी रहेको रकम आर्थिक वर्षको अन्तमा स्थानीय तहको संचित कोषमा ट्रान्सफर गर्नुपर्नमा आर्थिक वर्ष समाप्त भए पश्चात् पनि चालु खर्च खाता र पुजीगत खर्च खातामा मौज्दात राखेको पाईयो ।<br>• पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन । साथै पालिकाबाट यस वर्ष | |

| दफा नं. | भौ.नं, मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | संचालित कार्यक्रम तथा योजनाको कार्यान्यवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति प्रतिवेदन तयार गरेको पाईएन।<br>• कार्यालयको श्रेष्ता र बैक विचको हिसाव फरक परे वा नपरेको सम्वन्धमा बैक हिसाव मिलान विवरण तयार नगरेको कारण हिसाव मिलान भए नभएको सम्वन्धमा यकिन गर्न सकिएन ।<br>• अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिमको मध्यकालीन खर्चको संरचना तयार गरेको पाईएन ।<br>• विषयगत क्षेत्रमा संचालन हुने कार्यक्रममा बैठक भत्ता, भ्रमण भत्ता, तालिम, गोष्ठीतर्फ बढी केन्द्रीत भई वितरणमुखि रहेको पाईयो।<br>• पालिकाले जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अध्यावधिक नगरी वडा कार्यालय तथा विभिन्न संघ संस्थालाई वितरण गरेको पाईयो<br>• वडा कार्यालयमा रहेका जिन्सी समान अभिलेख पालिकाको मूल जिन्सी खातामा अध्यावधिक गरेको पाईएन ।<br>• जिन्सी निरिक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा गरेको पाईएन ।<br>• मुल्य अभिवृद्धि कर नियमावली २०५३ को नियम ६ क अनुसार ठेक्का सम्झौता र कर भुक्तानीको जानाकारी सम्वन्धित आन्तरिक राजस्व कार्यालयलाई नदिई आर्थिक वर्षको अन्तमा मात्र दिइएको तथा इ टीडिएस नगरेको ।<br>• कार्यालयले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान गरि निराकरणको प्रयास गरेको अभिलेख नराखेको ।<br>• कुनै रकम भुक्तानी दिँदा रित पुगे वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा से अनुसार गरेको पाईएन ।<br>• सार्वजनिक खरिद नियमावलि २०६४ को नियम ७ र ८ खरिद अनुसार गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार गरेको पाईएन।<br>• स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १३ वमोजिम आर्थिक वर्ष शुरु हुनुभन्दा पन्ध्र दिन अगावै पालिकाले आफ्नो क्षेत्रभित्रको निर्माण सामाग्री मूल्य, ज्याला, भाडा तथा अन्य महशुलको स्थानीय न्युनतम दररेट तोक्नु पर्नेमा तोकेको पाईएन।<br>• ठेक्काहरुको विस्तृत विवरण देखिने गरि ठेक्का खाता र कन्टिन्जेन्सी खाता राखेको पाईएन।<br>• स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७४(२) अनुसार सार्वजनिक खरिद नियमावली वनाई लागु गर्न सक्ने व्यवस्था भएकोमा वनाएको पाईएन ।<br>• सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन । | |

| दफा नं. | भौ.नं, मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | • संस्था दर्ता ऐन, २०३४ को दफा ३ अनुसार पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण गर्न गठन गरेका उपभोक्ता समिति उक्त ऐनको व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन ।<br>• सञ्चालित योजनाको सूचना पाटीमा आय–व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा अधिकांशतः पालना भएको पाईएन।<br>• वातावरण संरक्षणको एकिकृत दिर्घकालिन योजना तयार नगरेको<br>• सुशासन व्यवस्थापन तथा सञ्चालन नियमावली २०६५ बमोजिम नागरिक वडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वयन स्थिती अनुगमन गर्न अनुगमन संयन्त्र तय गरेको पाईएन।<br>• निजामती सेवा ऐन २०४९ वमोजिम कार्य विवरण वनाई लागु गरेको पाईएन ।<br>• मन्त्रालयको मिति २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता सञ्चालन सम्बन्धमा थप स्पष्ट पारिएको परिपत्रको दफा १७ बमोजिम यस पालिका तथा पालिकामा समाहित भएका साविकका गाउँ विकास समिति तथा नगरपालिकाको नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख समायोजन भएको पालिकामा कायम गरी नियमानुसार पेश्की फछ्र्यौट तथा बेरुजु सम्परीक्षण कार्य गर्नुपर्नेमा यस पालिकामा समाहित भएका साबिकका विषयगत कार्यालयको बेरुजू लगत तथा सम्परीक्षणको अभिलेख गाउँपालिकाले एकिन गरी अध्यावधिक नगरेकोले पालिकाले उक्त व्यवस्थाको कार्यान्वयन गर्नुपर्दछ ।<br>तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकीए बमोजिम प्रभावकारी र विश्वशनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ । | |
| | • **बजेट तथा कार्यक्रम** | |
| ४. | **बजेट पेश, पारित र अख्तियारी** - स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ म स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । गाउँपालिकामा मिति २०७६।३।१० गते रु.३७ करोड ३१ लाख ८३ हजारको बजेट सभा समक्ष पेश गरेकोमा असार मसान्तभित्रै पारित भएको छ। यसैगरी स्थानीय तहका प्रमुखले २०७७।३।२५ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ । | |
| ५. | **बजेट सीमा निर्धारण समिति** : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्राथमिकीकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु फाल्गुन | |

<table>
<tr><th>दफा नं.</th><th>भौ.नं, मिति र व्यहोरा</th><th>बेरुजू रकम</th></tr>
<tr><td></td><td>महिनाभित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकिय अधिकृतले चैत्र १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितीलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था रहेकोमा पालिकाले समितिको गठन गरेको छैन । ऐनमा व्यवस्था भएअनुसार बजेट सीमालगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधि तर्जुमा एवं सोको पालनामा सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्दछ ।</td><td></td></tr>
<tr><td>६.</td><td>बजेट तथा कार्यक्रम तर्जुमा : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने ब्यवस्था अनुसार समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्य.क्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको ब्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ ।</td><td></td></tr>
<tr><td>७.</td><td>चौमासिक पूँजीगत खर्चः आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २३ बमोजिम स्वीकृत भएको कार्यक्रममा नियम २५ बमोजिम चौमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र चौमासिक कार्यलक्ष्य तथा कार्यक्रम बमोजिम कार्यसम्पादन सम्पन्न गरी कर्यक्रम कार्यान्वियन गर्नुपर्ने व्यवस्था छ । गाउँपालिकाले उपलब्ध गराएको विवरणअनुसार पूँजीगततर्फ बार्षिक रु.१२२५६४३६१।- निकासा भएकोमा प्रथम चौमासिकमा रु.४९३५७८७।- अर्थात ४.०३ प्रतिशत, दोश्रो चौमासिकमा रु.२५४३५०२६।-, अर्थात २०.७५ प्रतिशत र तेश्रो चौमासिकमा रु.९२१९३५४८-, अर्थात ७५.२२ प्रतिशत खर्च गरेको देखिएको छ । यसरी तेस्रो चौमासमा आएर खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च ब्यवस्थापन भएको देखिएन । स्वीकृत कार्यक्रम अनुसार चौमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वियन गरिनुपर्दछ ।</td><td></td></tr>
<tr><td>८.</td><td>क्षेत्रगत बजेट र खर्चको स्थितिः स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०७६।७७ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।
<table>
<tr><th>क्र.स</th><th>क्षेत्र</th><th>बजेट</th><th>खर्च</th><th>खर्च प्रतिशत</th></tr>
<tr><td>१</td><td>आर्थिक विकास</td><td>९३०४०००</td><td>५२२२८००</td><td>५६.१३</td></tr>
<tr><td>२</td><td>पूर्वाधार विकास</td><td>१८२२४४२४५</td><td>८८५०३४६९</td><td>४८.५६</td></tr>
<tr><td>३</td><td>सामाजिक विकास</td><td>११६८७४०००</td><td>९३११५८२०</td><td>७९.६७</td></tr>
<tr><td>४</td><td>बातावरण तथा विकास</td><td>१४५००००</td><td>१२२५००</td><td>८.४४</td></tr>
<tr><td>५</td><td>संस्थागत विकास, सेवा प्रवाह र सुशासन</td><td>८८०७९५०</td><td>७५२८२७८</td><td>८५.४७</td></tr>
<tr><td>६</td><td>अन्य कार्यालय संचालन तथा प्रशासनिक</td><td>५४५०३१९५</td><td>४६९६००२१</td><td>८६.१६</td></tr>
<tr><td colspan="2">जम्मा</td><td>३७३१८३३९०</td><td>२४१८८८४८८</td><td>६४.८१</td></tr>
</table></td><td></td></tr>
</table>

| दफा नं. | भौ.नं, मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | उपरोक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये अन्य कार्यालय संचालन तथा प्रशासनिक क्षेत्रमा सबैभन्दा बढी ९५.४२ प्रतिशत र पुर्वाधार विकास क्षेत्रमा सबै भन्दा घटी ४२.६२ प्रतिशत रहेको छ । | |
| ९. | **खर्च बिश्लेषणः** पालिकाले यसबर्ष आन्तिरक आयबाट रु.१०३३५१९५।-, राजस्व बाँडफाँडबाट रु.५०९८६८२७।- आम्दानी भएकोमा चालु तर्फ रु.११९३२४१२७।- र पूँजिगत तर्फ रु.१२२५६४३६१।- गरी रु.२४१८८८४८८।- खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा ४.२७ प्रतिशत रहेको छ । यसबर्ष पदाधिकारी सुबिधामा रु. ५६३१०००।- खर्च भएको छ जुन आन्तरिक आयको ५४.४८ प्रतिशत रहेको छ । पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ४९.३३ प्रतिशत चालु र ५०.६६ प्रतिशतमात्र पूँजिगत निर्माणमा खर्च भएको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा बिकास निर्माणमा परिचालन गरिनुपर्दछ । | |
| १०. | **रकमान्तरः**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७९ मा स्थानीय तहको कार्यपालिकाले स्वीकृत वार्षिक स्वीकृत बजेटको आधारमा रही कुनै शीर्षकबाट पूँजीगत शीर्षकमा २५ प्रतिशतमा नबढाई रकमान्तर गर्न सक्ने उल्लेख छ । यो वर्ष कार्यपालिकाले पटके निर्णयबाट ३६ वटा योजना तथा कार्यक्रमबाट ५९ योजना तथा कार्यक्रममा रु.५५२२४६७४।— रकमान्तर भएको छ । सो रकमान्तरलाई गाउँसभाले अनुमोदन गरेको पाइएन । अतः योजनाको विस्तृत सर्भेक्षण तथा प्राथमिकता निर्धारण गरी बजेट तर्जुमा गरेर कार्यक्रम कार्यान्वयनमा कार्यालयले बिशेष ध्यान दिनुपर्दछ । | |
| ११. | **लक्ष्य प्रगति :** कार्यालयले चौमासिक र बार्षिक स्तरको प्रगती विवरण बनाई पेश गर्नुपर्नेमा कार्यालयले सञ्चालन गरेका स्थानीय स्तर, जिल्ला तथा केन्द्रिय स्तरका योजनाको नियम बमोजिमको ढाँचामा चौमासिक प्रगती विवरण तयार गरेको देखिएन । बजेट खर्च गर्ने तथा खर्चको तोकिएको ढाँचामा बार्षिक प्रगति तयार नगर्ने प्रमुख प्रशासकीय अधिकृतलाई जिम्मेवार बनाउनु पर्दछ । | |

| कार्यक्रम/योजना | कुल कार्यक्रम | वार्षिक प्रगति स्थिती | | | |
|---|---|---|---|---|---|
| | | शून्य प्रगती | २५%सम्म प्रगति | ५०% सम्म प्रगति | ७५% सम्म प्रगति |
| मुल कार्यक्रम | ६ | | | २ | ५ |
| सहायक कार्यक्रम | ४३ | ७ | ९ | १३ | १८ |

| दफा नं. | भौ.नं, मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | **संगठन तथा कर्मचारी ब्यवस्थापन** | |
| १२. | **प्रशासकीय संगठन र कर्मचारी व्यवस्थापन** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ । पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित ३१ दरबन्दी स्वीकृत रहेको छ जसमध्ये अधिकृत स्तरका २ जनासहित ७ जना रिक्त रहेकोमा रिक्त जनशक्तिमध्ये १ जना करारबाट पुर्ति गरिएको छ । | |
| १३. | **कर्मचारी करार** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको र सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी | |

| दफा नं. | भौ.नं, मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | सृजना गर्न नसकिने व्यवस्था छ । तर पालिकाले विभिन्न पदमा २९ जना कर्मचारीहरु करार तथा ज्यालादारीमा राखेको छ ।पालिकाले करार सेवामा रु.७० लाख २२ हजार खर्च गरेको छ । पालिकाले संगठन तथा व्यवस्थापन सर्भेक्षण गरी सोही आधारमा जनशक्तिको व्यवस्थापन गर्नुपर्दछ । | |
| १४. | **कल्याण कोष** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी जम्मा गर्नुपर्ने व्यवस्था छ । पालिकाले यस वर्ष कर्मचारी कल्याण कोषमा रकम जम्मा गरेको छैन । गाउँपालिकाले ऐनको व्यवस्था अनुरुप रकम कट्टा गरी कल्याण कोषमा जम्मा गर्नुपर्दछ । कल्याण कोषको रकम कार्यविधि निर्माण गरी खर्च गर्नुपर्दछ । कोषमा गत विगत वर्षदेखि जम्मा रहेको रकम रु.३३२०००।— अन्य शिर्षकमा खर्च गरेको छ । कल्याण कोषको रकम कार्यविधि बनाई कर्मचारीको अवकाश हुँदाका वखतमा खर्च गर्नुपर्नेमा अन्य शिर्षकमा खर्च गरेको नियमित नभएको रु. | ३३२००० |
| १५. | **स्थानीय तथ्याङ्क, अभिलेख तथा स्रोत नक्साङ्कन :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीयतहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क संकलन, अभिलेख र सोको ब्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक श्रोत अन्तर्गत खानी, जंगल तथा अन्य श्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कनसहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने ब्यवस्थाअनुसार गाउँपालिकाले गाउँ प्रोफाइल बनाएको छ। स्थानीय तहका हरेक प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्ने हुँदा सोको संकलन र अभिलेख राख्ने कार्यमा पहल हुनु आवश्यक छ । तथ्याङ्कवेगर प्राथमिकतामा राखिएका योजना, बजेट, प्रक्रिया र कार्यान्वयनले उचित सार्थकता नपाउने हुँदा यस तर्फ पालिकाले अभिलेख ब्यवस्थापनमा ध्यान दिनुपर्दछ । | |
| १६. | **सेवाप्रवाहको स्थिति :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम गाउँपालिकाले सेवा प्रवाह गर्नुपर्दछ । यस वर्ष पालिकाबाट निम्नअनुसार सेवाप्रवाह गरेको विवरण प्राप्तभएको छ : | |

| विवरण | जम्मा |
|---|---|
| स्वीकृत घरनक्सा दर्ता पास | |
| **पञ्जिकरणतर्फ** | |
| जन्मदर्ता | ७३८ |
| मृत्युदर्ता | १७७ |
| बसाईसराई दर्ता | ९६ |
| विवाह दर्ता | २५९ |
| सम्बन्धविच्छेद दर्ता | ० |
| **पूर्वाधार विकास सडक निर्माण** | |
| कालोपत्रे सडक निर्माण | ६०८ मिटर |
| कालोपत्रे सडक मर्मत | ० |
| ग्राभेल सडक निर्माण | ३३९३५ मिटर |
| ग्राभेल सडक मर्मत | ० |

| दफा नं. | भौ.नं, मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | गाउँपालिकाले सेवाप्रवाहलाई थप परिस्कृत बनाउँदै लैजानुपर्दछ । | |
| १७. | **योजना छनौट र कार्यान्वयन** : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त हुने प्रगतिका योजना | |

| दफा नं. | भौ.नं, मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | छनौट गरि प्राथामिकीकरण गर्नुपर्ने व्यवस्था छ । सभाबाट स्वीकृत बार्षिक गाउँ विकास योजना २०७६/७७ को अध्ययन गर्दा पालिकाले स्वीकृत गरी सञ्चालन गरेका ९० योजनामध्ये ५ लाखभन्दा माथीका ३२ योजना रहेका छन् भने ५ लाख भन्दा कमका योजना५८ योजना रहेका छन। योजनाहरु न्यून बजेट भएका र लागत प्रभावी हुने किसिमले संचालन गरेको पाइएन । | |
| | • **कानून निर्माण एवं कार्यान्वयन** | |
| १८. | **कानून निर्माण र कार्यान्वयनः**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन बनाउन तथा सोको अधिनमा रही आवश्यकता अनुसार नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने ब्यवस्था छ । हालसम्म गाउँपालिकाले १० ऐन, ४ नियमावली, १८ कार्यविधि, ३ निर्देशिकासमेत गरी ३८ कानून बनाएको छ । गाउँपालिकाले आफ्नो अधिकारक्षेत्रभित्रको नगर प्रहरी, स्थानीय तथ्याङ्क लगायतका विषयमा स्थानीय कानून तयार गरेको छैन । गाउँपालिकाले आफ्नो अधिकारक्षेत्रभित्रको स्थानीय कानून निर्माण गरी सोहीअनुरुप सेवा प्रवाह गर्नेतर्फ ध्यान पुऱ्याउनुपर्दछ। | |
| १९. | **न्यायीक समिति** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । न्यायिक समितिसमक्ष आ.व. ०७६/७७ मा ७ वटा मुद्दाका फिराद दर्ता हुन आएकोमा समितिले ५ वटा मुद्दा फछ्र्यौट गरेको र २ वटा मुद्दा विचाराधीन अवस्थामा रहेको देखिन्छ । समितिले गाउँपालिकाको वडागत रुपमा परेका विवाद दर्ता अभिलेख रहेको देखिएन । सूक्ष्म ढंगबाट विवादको विषयवस्तुको विश्लेषण गरी विवाद न्यूनीकरणलाई सहयोग पुऱ्याउने सम्बन्धी कार्यक्रमको सञ्चालन गर्नुपर्ने, त्यसैगरी गाउँपालिकाले न्यायिक समितिको क्रियाशीलता र प्रभावकारिता बढाउनुपर्ने हुँदा न्यायिक समितिलाई विवाद समाधानमा जिम्मेवार र जवाफदेही तुल्याई सर्वसाधारणलाई कम खर्चिलो, सरल र छरितो न्याय प्रदान गर्न गाउँपालिकाले विशेष ध्यान दिनुपर्दछ । | |
| | • **पदाधिकारी सुविधा** | |
| २०. | **स्थानीय तहका पदाधिकारी सुविधा :** नेपालको संविधानको धारा २२७ मा गाँउ सभा तथा नगरसभाका सदस्यले पाउने सुविधाका सम्बन्धमा प्रदेश कानूनबमोजिम हुने ब्यवस्था अनुसार सुदुरपश्चिम प्रदेश संसदले स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७५ जारी गरेको छ । उक्त ऐनमा भएको ब्यवस्था अनुसार पालिकाबाट रु.५२४३०००।- सुविधा वापत भुक्तानी भएको छ । | |
| २१. | **खाना तथा विविध खर्च** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । तर पालिकाले यस वर्ष खाना तथा विविधतर्फ मात्र रु.८७४४०५।- खर्च गरेको छ । | |
| २२. | **आर्थिक सहायता** - अन्य सामाजिक सहायता कार्यक्रममा वडागत सिफारिस तथा निवेदनका आधारमा जोखिममा परेका व्यक्तिहरुलाई कार्यविधि बनाई रु.२८६०९८।— नगद बाँडेको देखियो । गाउँपालिकाले वडागत सिफारिस मात्रको आधारमा बाँडिएको उक्त रकम भैपरि आउने सहायता खर्च कै रुपमा निजहरुलाई दिएको पाइयो । यस्तो सहायता खर्च दिने सम्बन्धमा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा ब्यवस्था नभएको देखिँदा खर्च रकम अनियमित देखिएको रु. | २८६०९८ |

| दफा नं. | भौ.नं, मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | • **अनुदान फिर्ता, वितरण र उपयोग** | |
| २३. | **अनुदान फिर्ता —** संघीय एवं प्रदेश सरकारको कानून एवं कार्यविधि बमोजिम ती निकायबाट स्थानीय तहमा प्राप्त हुने समानीकरण वाहेकका अनुदान खर्च नभई बाँकी रहेको अवस्थामा सम्बन्धित निकायमा फिर्ता गर्नुपर्ने व्यवस्था रहेको छ । प्राप्त विवरण (सुत्रको अनुसूची १२ र २१) अनुसार २०७७ असार मसान्तमा अनुदान खर्च नभई बाँकी रहेको संघीय अनुदान रु.१४२८४८२५.७५ संघीय सञ्चित कोषमा तथा प्रदेश अनुदान रु.५४६५५००।- प्रदेश सञ्चित कोषमा फिर्ता गरेको छ। | |
| २४. | **अनुदानको अनुगमन** - सार्वजनिक निकायबाट उपलब्ध गराईएको अनुदानको सही सदुपयोग भए नभएको एकीन गर्न अनुदान उपलब्ध गराउने निकायले समय समयमा अनुगमन गर्नुपर्दछ । पालिकाबाट बितरण भएको अनुदानको सहि सदुपयोग भए नभएको सम्बन्धमा अनुगमन तथा सोबाट प्राप्त उपलव्धी मापन गरेको छैन । साथै अनुदान सम्बन्धमा स्थानीय अनुदान नीति तय गरेका छैन । तसर्थ अनुगमनलाई प्रभावकारी वनाई संघ, प्रदेश तथा स्थानीय तहबाट वितरण हुने अनुदानमा दोहोरोपना नहुने गरी अनुदानग्राहीको जीबनस्तरमा सुधार आएको यकिन गरी रकमको पूर्ण सदुपयोग गराउनेतर्फ ध्यान दिनुपर्दछ । | |
| २५. | **बार्षिक खरिद योजना/गुरुयोजना** : सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक निकायले तोकेको सीमाभन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने ब्यवस्था छ । यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ ले वार्षिक १० करोडभन्दा बढीको खरिद गर्दा गुरुयोजना तयार गर्नुपर्ने नियम ८ ले बार्षिक १० लाखभन्दा बढीको खरिद गर्दा वार्षिक खारिद योजना बनाउनुपर्ने ब्यवस्था छ । यस पालिकाले विभिन्न शीर्षक अन्तर्गत वार्षिक रु.१२ करोड २५ लाख ६४ हजार पूँजीगत खर्च गरेको छ । तर पालिकाले आफ्नो खरिद नियमावली नबनाएको अवस्थामा उक्त ऐन, नियम बमोजिम बार्षिक खरिद योजना र गुरुयोजना नबनाई खरिद कार्य गरेको देखियो । पालिकाले लालझाडी गाउँपालिकाको सार्वजनिक खरिद नियमावली, २०७७ पारित गरिसकेको अवस्थामा आगामी दिनमा उक्त नियमावलीको नियम ८ बमोजिम खरिद गुरुयोजना तथा नियम ९ बमोजिम गुरुयोजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नुपर्दछ । | |
| २६. | **सवारीसाधन खरिद** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४, केन्द्रीय सरकार र तालुक संघीय मन्त्रालयको परिपत्र, निर्देशन समेतको आधारमा आफ्नो आन्तरिक आम्दानीबाट मात्र सवारी साधन खरिद गर्नु पर्दछ । अर्थ मन्त्रालयको स्थानीय तहमा बजेट तर्जुमा कार्यान्वयन आर्थिक व्यवस्थापन तथा सम्पती हस्तान्तरण सम्बन्धी निर्देशिका, २०७४ को निर्देशन नं. ५.१५ अनुसार नेपाल सरकारबाट उपलब्ध गराइएको बजेट तथा स्रोत साधनबाट कार्यालयको नियमित प्रयोजनको लागि सवारी साधन खरिद गर्न नपाईने व्यवस्था छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार पालिकाले ५ थान दुई पांग्रे सवारि साधन खरिदमा रु. १२६०६५५ बजेटबाट खर्च गरेको छ । | |
| | • **कर दस्तुर एवं आन्तरिक आय** | |
| २७. | **आयको अनुमानः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको ब्यवस्थापन गर्न सक्ने ब्यवस्था छ । पालिकाले पेश गरेको आय-व्ययको अनुमानमा आन्तरिक आयतर्फ मालपोत, कर, सेवा शुल्क, दस्तुर वापत अनुमानित रु.६५०००००।- प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष २०७६।७७ मा रु.१०२२४२१७।- अर्थात अनुमान भन्दा ५७.२९ प्रतिशत बढी आय प्राप्त गरेको | |

<table>
<tr><th>दफा नं.</th><th>भौ.नं., मिति र व्यहोरा</th><th>बेरुजू रकम</th></tr>
<tr><td></td><td>छ । आम्दानीका अन्य स्रोतको पहिचान गरी आयको अनुमान यर्थाथपरक बनाई आय आर्जन बृद्धि गर्नेतर्फ विशेष ध्यान दिन आवश्यक देखिएको छ ।</td><td></td></tr>
<tr><td>२८.</td><td>कर तथा शुल्क असुली - स्थानीय सरकार संचालन ऐन,२०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल बिरौटी शुल्क उठाउने व्यवस्था रहेको छ । ती आय शीर्षकमा आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ ।
<table>
<tr><th>आय शीर्षक</th><th>अनुमान</th><th>असुली</th><th>असुली प्रतिशत</th></tr>
<tr><td>एकीकृत सम्पत्ति कर र घरजग्गा कर</td><td>१४४००००</td><td>१३६७१६९</td><td>९४.९४</td></tr>
<tr><td>घरजग्गा वहाल कर</td><td>४५००००</td><td>२०२१४४</td><td>४४.९२</td></tr>
<tr><td>व्यवसाय कर</td><td>०</td><td>०</td><td>०</td></tr>
<tr><td>वहाल बिरौटी शुल्क</td><td>१५०००</td><td>०</td><td>०</td></tr>
</table>
पालिका भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेकोले उल्लिखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन ।तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायरामा ल्याउनु पर्दछ ।</td><td></td></tr>
<tr><td>२९.</td><td>राजश्व अभिलेख : कार्यालयले राजस्वको अभिलेख अध्यावधिक गरी सोको लेखापरीक्षण गराउने जिम्मेवारी कार्यालय प्रमुखको हुने व्यवस्था रहेको छ । पालिकाबाट रसिद ठेलिहरु छपाई गरेर वडा कार्यालयमा पठाउने गरेको छ। यसले गर्दा व्यक्तिहरुले छुट्टै रसिद छपाउने जोखिम विद्यमान रहन्छ । कार्यालयले आगामी दिनमा रसिद नियन्त्रण तथा राजश्व असूलीलाई स्वचालित प्रणाली मार्फत ब्यवस्थापन गर्ने सम्बन्धमा विशेष ध्यान पुऱ्याउनुपर्ने देखियो ।</td><td></td></tr>
<tr><td>३०.</td><td>राजश्व दाखिला : आर्थिक कार्यबिधि नियमावली २०६४ को नियम ९ (६) बमोजिम जिम्मेवार व्यक्तिले आफ्नो जिम्मामा आएको सरकारी नगद सोही दिन दाखिला गरी स्रेस्ता खडा गर्नु पर्ने व्यवस्था छ । साथै सोही ऐन अनुसार तोकिएको समयमा राजश्व रकम दाखिला नगरेमा सम्वन्धित तालुक कार्यालयले १० दिन सम्म ढिला गरेको भए १० प्रतिशत, १५ दिन सम्म ढिला गरेको भए १५ प्रतिशत जरिवाना गरी सो समेत दाखिला गर्न लगाउने र १५ दिन भन्दा ढिलो गरेको भए २५ प्रतिशत जरिवाना गरी नगद दाखिला गर्न लगाई कसूरको मात्रा अनुसार प्रचलित कानून बमोजिम बिभागीय कारवाही समेत गर्न गराउन सक्ने व्यवस्था छ । कार्यालय अन्तर्गत ६ वटा वडाले प्राप्त गरेको राजश्व रकम ऐनमा भएको व्यवस्था अनुसार तोकिएको अवधि भित्र दाखिला गरेको छैन । यसरी ढिला हुने गरी राजश्व रकम बैक दाखिला भएको अवधिको कार्यालयले छानविन गरी, जरिवाना रकम असुल गर्नुपर्ने देखिन्छ । कार्यालयले सम्पूर्ण वडा कार्यालयहरुले प्राप्त गरेको आन्तरिक राजश्व रकम र बैकमा दाखिला गरेको विवरणमा कार्यालयले विशेष ध्यान दिनुपर्दछ ।</td><td></td></tr>
<tr><td>३१.</td><td>सवारी कर : स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६४ मा पालिकाले आफ्नो क्षेत्र भित्रका सवारीमा तोकिए बमोजिम सवारी दर्ता तथा वार्षिक सवारी कर र आफ्नो क्षेत्रमा आउने सबै प्रकारको सवारीमा तोकिए बमोजिम सवारी कर उठाउने उल्लेख भएकोमा यस बर्ष असुली भएको छैन। हरेक वर्ष दर्ता हुने सवारीको अभिलेख राखी कर असूलीलाई प्रभाबकारी बनाउने तर्फ सम्वन्धित निकायको ध्यान जानु पर्दछ ।</td><td></td></tr>
</table>

| दफा नं. | भौ.नं, मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| ३२. | **मनोरञ्जन कर :** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६४ बमोजिम सिनेमा, भिडियो हल, सांस्कृतिक प्रदर्शन हल, संगित, थियटर, मनोरञ्जन, प्रदर्शन स्थल, ऐतिहासिक स्थलको प्रवेश शूल्कमा कर लिनुपर्ने व्यवस्था छ । आर्थिक वर्ष २०७६।७७ मा पालिकाले यस शीर्षकमा कूनैपनि कर संकलन गरेको पाईएन । यस पालिकाको क्षेत्र भित्रवाट उठ्नु पर्ने मनोरञ्जन कर एकिन गरी असुल गर्नुपर्दछ । | |
| ३३. | **दहत्तर बहत्तर शुल्क** : सुदुरपश्चिम प्रदेशको प्रदेश आर्थिक ऐन, २०७६ को दफा ८(३) मा ढुंगा, गिट्टी, बालुवा, दहत्तर बहत्तरको संकलनमा अनुसुची ६ तोकीएको दरमा नघटने गरी शुल्क लगाईने र असूल गरीने उल्लेख छ । आ.व. २०७६/७७ मा दहत्तर बहत्तर ठेक्कावापत न्युनतम अंक रु.१५०००००।— कायम गरी ठेक्का आह्वान गरेकोमा सवैभन्दा धेरै रु.५७७७७७७।— कबोल गर्ने भवानी कन्स्ट्रक्सन सम्झौता गर्न नआएकाले निजले राखेको विडबोण्ड रु.२८८८८८८।— बराबरको रकम दाखिला गर्न लगाई दोस्रो बढी कबोल गर्ने गरुड कन्स्ट्रक्सनसँग मु.अ.करबाहेक ३७५००००।— मा सम्झौता भएकोमा ठेकेदारले सम्झौताबमोजिमको १० प्रतिशत छुट लिई एकमुस्ट रु.३३७५०००।— बुझाएको छ । सार्वजनिक खरिद ऐन,२०६३ को दफा २६ (६) मा बोलपत्रदाताहरुले मिलेमतो गरी बोलपत्र दाखिला गरेको भएमा बोलपत्र रद्द गर्नुपर्नेमा सो सम्बन्धमा छानविन लगायतका कार्य नगरी दोस्रो बढी कबोल गर्ने ठेकेदारसँग सम्झौता गर्दा गाउँपालिकालाई रु.२०२७७७७।— आय घाटा लागेको छ । गाउँपालिकाले आय ठेक्का लगाउँदा मिलेमतो हुनेतर्फ ध्यान दिनुपर्दछ । | |
| ३४. | **गिट्टी, ढुंगा, बालुवाको करको बाँडफाँडः** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६४ को उपदफा १, १(च), ३ र ४ मा ढुंगा, गिट्टी र बालुवाको करमा प्रदेश तथा स्थानीय तहहरुको दोहोरो अधिकार रहने, करको दर सम्बन्धित प्रदेशले निर्धारण गरी स्थानीय तहहरुले संकलन गरेर प्रदेश स्तरको कोषमा जम्मा गर्ने व्यवस्था गरी प्रदेशले लागु गरेको कानुन अनुसार बाँडफाँड हुने गरेको मा उक्त दफा संघीय आर्थिक ऐन, २०७५ द्वारा खारेज गरी दफा ६२(क) थप गरेर स्थानीय तहहरुले गिट्टी, ढुंगा, बालुवा बिक्री गरी प्राप्त रकम आफ्नो संचित कोषमा जम्मा गर्ने गरी सो करमा स्थानीय तहहरुको एकल अधिकार कायम गरेको देखिन्छ तर सो अनुरुप प्रदेशहरुले तर्जुमा गरेका कानूनहरु संशोधन गर्नु पर्नेमा नगरेको कारण सो करको बाँडफाँडमा अस्पष्टता देखिएको छ।यस्तो अवस्थामा संघीय कानून अनूसार नै गर्नु पर्दछ।त्यस अतिरिक्त दफा ६२(क) विपरित हुने गरी संघीय मन्त्रीपरिषद्ले ढुंगा, गिट्टी, बालुवा उत्खन्न, बिक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७७ जारी गरी थप अस्पष्टता सृजना गरेको अवस्था समेत देखियो। स्पष्ट कानूनी व्यवस्था गरी गिट्टि, ढुङ्गा,वालुवा करको संकलन तथा बाँडफाँड गर्नुपर्दछ । | |
| ३५. | **आय ठेक्कामा मु.अ. करः** कर संकलनकर्ता गरुड कन्स्ट्रक्सनसँग भएको सम्झौताको ३ नं.मा मूल्य अभिबृद्धि कर बाहेक रु.३७५००००।— संकलनकर्ताले पालिकालाई बुझाउने तथा ६ नं. मा उल्लेखित रकमको मु.अ.कर बुझाएको प्रमाण पेश गर्ने उल्लेख छ । कर संकलन कर्ताले ठेक्का रकम बुझाए पनि सो को मु.अ.कर रु.४८७५००।- बुझाएको देखिएन । उक्त मू.अ.कर लेखापरीक्षण अवधिसम्म नबुझाएकोले मू.अ.कर ऐन,२०५२ अनुसार लाग्ने जरिवाना एवं शूल्क सहित हिसाव गरी असुल उपर गरी गाउँपालिकाको नामबाट संघीय राजस्वमा दाखिला गर्नुपर्ने रु. | ४८७५०० |

| दफा नं. | भौ.नं, मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | • **आयकर एवं मू.अ.कर** | |
| ३६. | **मूल्य अभिवृद्धि कर कट्टी** - आर्थिक विधेयक, २०७६ ले मू.अ.कर ऐन, २०५२ मा गरेको संशोधित व्यवस्था एवं मू.अ.कर नियमावली, २०५३ को २१ औ संशोधनअनुसार ६(ग) को थप व्यवस्थाले कार्यालयले ठेक्का, परामर्श, सामान आपूर्तिमा आर्पुतकलाई बिजकअनुसार थप भुक्तानी हुने मूल्य अभिबृद्धि कर रकमको ५० प्रतिशतले हुनआउने रकम कार्यालयबाट भुक्तानी खर्च लेख्दा कट्टा गरी सम्बन्धित आर्पूतकको स्थायी लेखा दर्ता रहेको आन्तरिक राजस्व कार्यालयको कोडमा नै दाखिला गर्नुपर्ने ब्यवस्था रहेकोमा पालिकाले भुक्तानीमा थप दिएको मु.अ.कर रकमको ५० प्रतिशतले हुने रकम कट्टा नगरी पुरै मु.अ.कर भुक्तानी दिएको देखियो । परीक्षण भएका भौचरहरुको आधारमा देखिएका उल्लेखनीय मू.अ.कर कट्टी नगरेको कर रकमको मु.अ.कर समायोजन प्रमाण पेश गर्नुपर्ने अन्यथा असुल हुनुपर्ने रु. | १७५७६२ |

| गो.भौ.नं.र मिति | विवरण | विल रकम | मू.अ.कर | ५०% मू.अ.कर |
|---|---|---|---|---|
| २०३।०७७।३।२६ | डि आर ट्रेड एण्ड सप्लायर्स | २०८४०० | २३९७५ | ११९८७ |
| २१०।०७७।३।२८ | डि आर ट्रेड एण्ड सप्लायर्स | २३६९०० | २७२५४ | १३६२७ |
| २१२।०७७।३।२८ | स्वेता ट्रेडिङ्ग कन्सर्न | २९९९०० | ३४५०१ | १७२५० |
| २१४।०७७।३।२८ | वागेश्वरी अटोमोटिभ्स | २३४९०० | २७०२३ | १३५१२ |
| २२१।०७७।३।२९ | श्यामराठी ट्रेडर्स | ३००५५० | ३४५७६ | १७२८८ |
| २२२।०७७।३।२९ | दिप्सन मल्टी टेक्निकल ट्रेडिङ्ग सेन्टर | ४००००० | ४६०१८ | २३००९ |
| १०,२०७७।३।२९ स्थानीय पूर्वाधार | डेकोर स्टुडियो प्रा लि | ९७५००६ | ११२१६८ | ५६०८४ |
| न.पा. चालु | | | | |
| ३७३।०७७।३।२८ | पिस रिसर्च एण्ड डेभलपमेन्ट कन्सलटेन्ट प्रा.ली | ३५३९३० | ४६०११ | २३००५ |
| जम्मा | | | | १७५७६२ |

| दफा नं. | भौ.नं, मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| ३७. | **रितपूर्वकको बिल विजकः** प्रदेश आर्थिक कार्यबिधि नियमावली २०७६ को नियम ३७(३) बमोजिम खर्च लेख्दा खर्चको बिल भरपाई सहित लेखा राखुपर्ने व्यवस्था छ । कार्यालयले देहायका भुक्तानी गर्दा रितपूर्वक नभएको कर विजक राखी भुक्तानी गरेकोले उक्त भुक्तानीको मु.अ.कर समायोजनको प्रमाण पेश गर्नुपर्ने रु. | ५७१८५ |

| गो.भौ.नं.र मिति | निर्माण व्यवसायी | रकम | मू.अ.कर | कैफियत |
|---|---|---|---|---|
| ३५०।०७७।३।२८ | मैटुप निर्माण सेवा | ४९७०७१ | ५७१८५ | कर विजक नं.१ हातले लेखेको |

| दफा नं. | भौ.नं, मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| ३८. | **संघीय सरकारवाट हस्तान्तरित कार्यक्रम (८०७७६४०६५०१) पूजीगत** –निम्नानुसार विद्यालयहरुलाई विद्यालय भवन एवं शौचालय निर्माण गर्नको लागि स्वीकृत लागत अनुमान वरावरको कार्य सम्पन्न गर्नको निमित्त निम्नानुसार रकम उपलब्ध गराउने शर्तमा प्रथम र दोश्रो किस्ता गरी | |

<table>
<tr><th>दफा नं.</th><th>भौ.नं, मिति र व्यहोरा</th><th>बेरुजू रकम</th></tr>
<tr><td></td><td>निम्नानुसार रकम निकासा पठाएकोमा निम्न व्यहोरा देखियो ।
<table>
<tr><th>सि.नं .</th><th>विद्यालयको नाम</th><th>लागत अनुमान</th><th>भुक्तानी भएको रकम</th><th>ठेक्का विल वमोजिमको रकम</th><th>कैफियत</th></tr>
<tr><td>१</td><td>नवोदय आ.वि.</td><td>१७४५१०२</td><td>१६०००००</td><td>१७४५१०२</td><td rowspan="5">कार्य स्वीकार एवं कार्यसम्पन्न प्रतिवेदन पेश नभएको २. Payable amount मात्र उल्लेख गरी संझौता गरेको ३.स्वीकृत लागत अनुमान भन्दा घटी काम भएकोमा अनुपातिक कट्टी नगरेको</td></tr>
<tr><td>२</td><td>बैजनाथ बहुभाषिक आ.वि.</td><td>१७३३५६९</td><td>१६०००००</td><td>१७०८७४२</td></tr>
<tr><td>३</td><td>जनचेतना आ.वि.</td><td>१७३३५६९</td><td>१६०००००</td><td>१७३३६११</td></tr>
<tr><td>४</td><td>बैजनाथ आ.वि.</td><td>९६६३६१</td><td>७०००००</td><td>९५९३६१</td></tr>
<tr><td></td><td></td><td></td><td></td><td></td></tr>
</table></td><td></td></tr>
<tr><td>३९.</td><td>कार्यक्रमको स्वीकृत लागत अनुमान वमोजिम कार्यालयवाट भुक्तानी गर्ने रकम एवं उपभोक्ताको श्रमदान स्पष्ट किटान गरी सम्झौता गर्नुपर्नेमा श्रमदानको अंश उल्लेख नगरी भुक्तानी गर्ने रकम मात्रको संझौता गरेकोले योजनाको संझौता त्रुटिपूर्ण रहेकोले यस्ता कार्यमा सुधार गरी योजना संचालन गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>४०.</td><td>वैजनाथ आ.वि. को शौचालय निर्माण गर्न स्वीकृत लागत अनुमान रु.९६६३६१।— वरावरको काम सम्पन्न हुदा कार्यालयवाट रु. ७०००००।— मात्र भुक्तानी गर्नुपर्नेमा रु.९५९३६१।— मात्रको काम गर्दा समेत अनुपातिक अंश रु.५०७०।— कट्टा नगरी संझौता वमोजिमकै रकम भुक्तानी गरेकोले वढी भुक्तानी रकम सम्वन्धित पदाधिकारीलाई जिम्मेवार वनाई असूल गर्नुपर्ने रु..........</td><td>५०७०</td></tr>
<tr><td>४१.</td><td>वैजनाथ वहुभाषिक आ.वि. को दुई कोठे भवन निर्माण गर्न स्वीकृत लागत अनुमान रु.१७३३५६९।— वरावरको काम सम्पन्न हुदा कार्यालयवाट रु.१६०००००।— मात्र भुक्तानी गर्नुपर्नेमा रु.१७०८७४२।— मात्रको काम गर्दा समेत अनुपातिक अंश रु.२२९१४।—कट्टा नगरी संझौता वमोजिमकै रकम भुक्तानी गरेकोले वढी भुक्तानी रकम सम्वन्धित पदाधिकारीलाई जिम्मेवार वनाई असूल गर्नुपर्ने रु.........</td><td>२२९१४</td></tr>
<tr><td>४२.</td><td>नवोदय आ.वि, वैजनाथ वहुभाषिक आ.वि. एवं जनचेतना आ.वि. को निर्माण कार्य स्वीकार एवं कार्यसम्पन्न प्रतिवेदन पेश नभएकोले उक्त प्रतिवेदन प्राप्त गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>४३.</td><td>१२४।०७६।१०।२७ सरस्वती मा.वि.को नाममा नमुना विद्यालय शैक्षिक भ्रमण कार्यक्रमवाट १ लाख रुपैया वजेट खर्च लेखेकोमा संलग्न मिति ०७६।८।२४ को चालक महेन्द्रमान श्रेष्ठ संग रु.९५०००।— मात्र दिनेगरी सम्झौता भएकोमा रु.१०००००।— वजेट खर्च लेखेकोले वढी खर्च सम्वन्धित पदाधिकारीलाई जिम्मेवार वनाई असूल गर्नुपर्ने रु........</td><td>४५००</td></tr>
<tr><td>४४.</td><td>३५६।०७७।३।२८ मिति २०७६ श्रावण देखी ०७७ असार महिनासम्म गाउपालिका अन्तरगतका विभिन्न योजना अनुगमन गरेको पारिश्रमिक फिल्ड भत्ता स्वरुप विभिन्न १५ जना पदाधिकारी तथा कर्मचारीहरुलाई दैनिक रु.१०००।— का दरले १८१ दिनको हुने रु.१८१०००।— वजेट खर्च लेखेकोमा कार्यालयले कुन कुन पदाधिकारी एवं कर्मचारीलाई कुन कुन योजना अनुगमन गर्न कहिले कहिले आदेश भए वमोजिम कहाँ कहाँ अनुगमन भई सो को अनुगमन प्रतिवेदन प्राप्त भएको हो सो सम्वन्धि अधिकारिक प्रमाण कागजात वेगर वजेट खर्च लेखेको रकम नियमित नदेखिएको रु.....</td><td>१५३८५०</td></tr>
<tr><td>४५.</td><td>वडा नं. ६ को कार्यालय भवन निर्माण कार्यका निर्माण व्यवसायी वि पी निर्माण सेवाद्वारा भवन निर्माण कार्य स्वीकार एवं कार्यसम्पन्न प्रतिवेदन पेश नभएकोले उक्त प्रमाण पेश गर्नुपर्दछ।</td><td></td></tr>
</table>

<table>
<tr><th>दफा नं.</th><th>भौ.नं, मिति र व्यहोरा</th><th>बेरुजू रकम</th></tr>
<tr><td>४६.</td><td>वडा नं. ३ को निर्माणाधिन पक्की पुल निर्माण गर्न रु.४०१२२३५।— मा निर्माण व्यवसायी शुभम कन्सट्रक्सनसंग ठेक्का सम्झौता भई निर्माणकार्यकै चरणमा करिव २०% भेरिएसन गरी रु.३६४१०६२।— को लागत अनुमान वमोजिमको ठेक्का रकम कायम गरी कूल रु.३६३८९५६।—वरावरको निर्माण कार्य सम्पन्न गरी अन्तिम विल भुक्तान भएको छ। स्वीकृत लागत अनुमान वमोजिम ठेक्का रकम रु.४०१२२३५।— मध्ये रु.३७११७२।— वरावरका निर्माण कार्यका आइटमहरु घटाउनुपर्नको प्राविधिक पुस्टयाई वम लागत संसोधनको प्रक्रियामा नगई भेरिएसन स्वीकृत गरी कार्यसम्पन्न गराउनु मनासिव देखिएन। अतः यस्तो कार्यमा सुधार हुनुपर्दछ।</td><td></td></tr>
<tr><td>४७.</td><td>२६२।०७७।३।१७ मिति ०७६।११।६ देखि १५ गतेसम्म शैक्षिक भ्रमण चितवन, ईलाम सम्मको वजेट खर्च रु.१०००००।— लेखेकोमा गाडी भाडा खर्च रु.५००००।— लेखेकोमा सवारी धनी संगको गाडीभाडा सम्वन्धी सम्झौता लगायतका प्रमाण पेश नभएको रु.....</td><td>५००००</td></tr>
<tr><td>४८.</td><td>२४१।०७७।३।९ उखुविऊ खरिदगरी ५०% अनुदान स्वरुप वडा नं.४ का कृषकलाई उपलव्ध गराएकोमा उक्त उखुविऊ रु.६००००।— खरिदमा नियमानुसार लाग्ने १५% अग्रिम आयकर कट्टी नगरेकोले सम्वन्धित पदाधिकारीलाई जिम्मेवार वनाई असूल गर्नु पर्ने रु..</td><td>९०००</td></tr>
<tr><td>४९.</td><td>ह्यूम पाईप खरिद — ८५।०७६।१०।७ सेती ह्यूमपाईप तथा विद्युत पोल उद्योग प्रा.ली. संग ६००mm ३६ थान र ९०० २० थान गरी जम्मा ५६ थान ह्यूमपाईप खरिद गरी वडा नं.१ मा १० थान, वडा नं.२ मा ११ थान, वडा नं.३ मा १२ थान, वडा नं.४ मा ११थान, वडा नं.५ मा ६ थान, वडा नं.६ मा ६ थान ह्यूमपाईप उक्त वडाका कुन कुन स्थानमा जडान गरी प्रयोगमा ल्याईएको छ वा मौज्दात छन् सो को नापी किताव, कार्यसम्पन्न प्रतिवेदन लगायतका प्रमाण कागजात पेश नभएको रु.........</td><td>१४९६९११</td></tr>
<tr><td>५०.</td><td>पूँजीगत खर्च शिर्षकवाट चालु खर्च भुक्तानी — कार्यालयले वार्षिक वजेट वनाउँदा चालु प्रकृतिका खर्चहरु चालु खर्च शिर्षक अन्तर्गत र पूजीगत प्रकृतिका खर्चहरु पूँजीगत प्रकृतिका खर्चहरु पूँजीगत खर्च शिर्षकवाट व्यहोर्ने गरी प्रस्ताव गरी सोही वमोजिम खर्च लेख्नु पर्नेमा यस्ता खर्चहरु जथाभावी रुपमा मिसम्याच गरी दुवै तर्फका खर्चहरु दुवै शिर्षकहरुवाट व्यहोरेको पाईयो। जसले गर्दा साधारण (चालु) खर्च र पूँजीगत (कार्यक्रम) खर्चको लेखाङ्कनले वास्तविक चित्रण गरेको देखिएन । अतः साधारण खर्च र विकास खर्चको लेखाङ्कनलाई अरु वढी यथार्थपरक, वास्तविक र पारदर्शी वनाउने तर्फ कार्यालयको पहल हुनुपर्दछ। यस्ता केही उदाहरण यस प्रकार छन ।<br><br>क) पूँजीगत खर्च शिर्षकवाट चालु प्रकृतिका खर्च लेखेको — , सामाजिक परिचालक. न्यायिक सल्लाहकार, प्राविधिक एवं करारका कर्मचारीहरुको पारिश्रमिकमा मात्र यस आर्थिक वर्ष १० लाख ८६ हजार रुपैया वजेट खर्च लेखेको छ।</td><td></td></tr>
<tr><td>५१.</td><td>निर्माणाधीन आयोजना – आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २६ अनुसार योजनाहरुको भौतिक र वित्तीय पक्षको सामुहिक समीक्षा गर्नुपर्ने र यसरी गरिने समीक्षामा प्रगति कम हुनुका प्रमुख कारणहरु र सोको निमित्त जिम्मेवार व्यक्तिको पहिचान गर्नुपर्ने, त्यस्तो समीक्षामा सुधारका लागि चाल्नु पर्ने कदमहरु र जिम्मेवार व्यक्ति उपर गर्नुपर्ने कारबाही समेत उल्लेख गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहले यो वर्ष देहायअनुसार योजनाको कार्य सम्पन्न हुन नसकि जिम्मेवारी सारेको छ । यस प्रकारको योजनाहरु कार्यालयले समयमै सम्पन्न गराउनेतर्फ ध्यान पुर्‍याउनुपर्दछ ।<br>
<table>
<tr><td>गो.भौ.नं.र मिति</td><td>योजना</td><td>सम्झौता</td><td>सम्पन्न काम</td><td>अवस्था</td></tr>
</table></td><td></td></tr>
</table>

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|

| | | | | |
|---|---|---|---|---|
| ८३।०७६।१०।३<br>२८२।०७७।३।२९<br>८।०७७।३।२९ | रामेश्वर मा.वि.भवन निर्माण कार्य उ.स. | ३४५२ | २८७८ | क्रमागत |
| ७५।०७६।९।२२<br>१३८।०७६।१२।३<br>२९८।०७७।३।२५ | पूनर्वास—१० सीमारेखा देखी काठेपुल सम्म सडक निर्माण — शभम कन्सट्रक्सन | ४६५६ | १७३३ | क्रमागत |
| ९।०७७।३।२५<br>११।०७७।३।२६ | वडा नं.२ कार्यालय भवन निर्माण —एम. एस. निर्माण सेवा | २५२० | ११७६ | क्रमागत |
| १५१।०७६।१२।६ | वडा नं.३ को कार्यालय भवन निर्माण — कविता निर्माण सेवा | ३९०१ | १६४८ | क्रमागत |
| १९२।०७७।२।१५ | वडा नं.४ वेल चौराहा देखि पूर्व दोदा नदी हुदै डाडाजाई गाउँघर क्लिनिक हुदै पर्सियाको काठेपुल | ४७७८ | २१५८ | क्रमागत |
| २५८।०७७।३।१५ | चानदेव वजारदेखी पश्चिम हरिपाटी मार्ग कालोपत्रे— डि के डी एस कन्सट्रक्सन | ४५१३ | ५८० | क्रमागत |

५२. **ठेक्का सम्झौता भई निर्माण भैरहेका योजनाहरुको थप कार्य गराएको** – स्वीकृत लागत अनुमान वमोजिम ठेक्का सम्झौताद्वारा निर्माण कार्य गराएका निम्न योजनाहरु पुनः निम्नानुसारको छुट कार्य गराएको भनी खर्च लेखेको छ।यसरी वाह्य पक्षवाट लागत अनुमान नगराई कार्य गराउदा आइटम छुटाई पुनः काम गराउनु परेका निम्न उदाहरण वाट त्यस्तो कार्य विश्वसनीय देखिएन। अतः यस्तो कार्यमा सुधार हुनुपर्दछ।

| वडा नं.२ को कार्यालय भवन निर्माण | | |
|---|---|---|
| गो.भौ.नं. र मिति | निर्माण व्यवसायी | रकम रु. |
| ३५०।०७७।३।२८ | मैटुप निर्माण सेवा | ४९७०७१ |
| ३५१।०७७।३।२९ | जयभैरव कन्सट्रक्सन | ४९७९९० |
| वडा नं. ३ को कार्यालय भवन निर्माण | | |
| ३४१।०७७।३।२७ | जेवी निर्माण सेवा | ४८५१४५ |

५३. ८।०७६।८।३० भ्रमण खर्च नियमावली, २०६४ को नियम ७(८) अनुसार कुनै प्रशासकिय जिल्लाको सदरमुकाम क्षेत्र वा रात विताउनुपर्ने गरी खटिएको स्थान देखी पन्ध्र किलोमिटर भित्र आफ्नो र आफ्नो परिवारको नाममा स्थायी घरवास भएका पदाधिकारी एवं कर्मचारीले त्यस्तो क्षेत्रमा भ्रमण वा काजमा रहँदा दैनिक भत्ता र होटल वास खर्च नपाउने उल्लेख छ ।कार्यालयले कृषि प्राविधिक विसन सिंह विष्टलाई हिउदे विउ वाली वितरण गर्न वडा नं.४ र ५ मा वितरण गरेवापत

<table>
<tr><th>दफा नं.</th><th>भौ.नं, मिति र व्यहोरा</th><th>बेरुजू रकम</th></tr>
<tr><td></td><td>रु.२८००।– दैनिक भ्रमण खर्च वापत लेखेको छ। त्यस्तो भ्रमण खर्च सम्वन्धित वाट असूल गर्नुपर्ने रु......</td><td>२८००</td></tr>
<tr><td>५४.</td><td>वढी भुक्तानी – कार्यालयले विभिन्न कार्यक्रममा सम्वन्धित कृषक समूह र कार्यालय विच ५०% अनुदानमा कार्यक्रमको सम्झौता गरी भुक्तानी गर्दा कुन कुन क्षेत्रमा कार्यालयको र कुनकुन क्षेत्रमा लाभग्राही कृषक समुहको अनुदान हुने नखुलाएकोले सम्झौता रकमको ५०% भन्दा कम लाभग्राही कृषक समुहको अनुदानमा सहभागिता भएको हुनाले देहायका कार्यक्रममा कार्यालयको तर्फवाट वढी भुक्तानी भएकोले वढी भुक्तानी भएकोले सम्वन्धित पदाधिकारीलाई जिम्मेवार वनाई असूल गर्नुपर्ने रु.........
<table>
<tr><th>गो.भौ.नं.र मिति</th><th>कार्यक्रम</th><th>पदाधिकारी</th><th>सम्झौता रकम</th><th>भुक्तानी रकम</th></tr>
<tr><td>१२।०७६।९।२४</td><td>उन्नत गहुको विउ वितरण</td><td rowspan="2">प्रा.स. श्री पुजा आग्री</td><td>३४८०००</td><td>१८००००</td></tr>
<tr><td>२३।०७७।२।६</td><td>च्याउ विउ वितरण</td><td>१८००१५</td><td>१०००००</td></tr>
<tr><td>१६।०७६।१२।३</td><td>वगरमा तरकारी खेती</td><td rowspan="2">ना.प्रा.स. श्री हजमिला लावड</td><td>१८४०१२</td><td>९९०००</td></tr>
<tr><td>२८।०७७।३।११</td><td>धान विउ वितरण</td><td>३९७५००</td><td>२०५०००</td></tr>
<tr><td colspan="5"></td></tr>
</table></td><td>२९२५०</td></tr>
<tr><td>५५.</td><td>३७९।०७७।३।२९ कार्यालयले वडा नं. २ मा रहेको भानु माध्यमिक विद्यालयमा अधुरो गेट पर्खाल निर्माण गर्न उपभोक्ता समिति संग कार्य गराउदा प्राविधिक विल तथा कार्यसम्पन्न प्रतिवेदनमा रु.६८४८४३।– को विल उठाएको र कार्यालयले विल भुक्तानी गर्दा रु.७०००००।– को भुक्तान गरेको छ । कार्यालयले सम्वन्धित वाट वढी भुक्तानी रकम असूल गरी दाखिला गर्नुपर्ने रु.....</td><td>१५१५७</td></tr>
<tr><td>५६.</td><td>ज्यालादारी कर्मचारी – आर्थिक ऐन, २०७६ मा रोजगारवाट प्राप्त आयमा १ प्रतिशतको दरले सामाजिक सुरक्षा कर अग्रिम कट्टी गर्नुपर्ने व्यवस्था छ। कार्यालयले निम्न कर्मचारीहरुलाई विभिन्न पदमा सेवा गरेवापतको रकम भुक्तानीमा १ प्रतिशतको दरले लाग्ने सामाजिक सुरक्षा कर कट्टी नगरेकोले सम्वन्धितवाट करकट्टी गरी संघीय संचित कोष दाखिला गर्नुपर्ने रु......
<table>
<tr><th>सि.नं.</th><th>पद</th><th>नाम थर</th><th>भुक्तानी रकम</th><th>१२ महिना</th><th>सा.सु.कर</th></tr>
<tr><td>१</td><td>स्टाफ नर्स</td><td>राममती वडायक</td><td>२३५००</td><td>२८२०००</td><td>२८२०</td></tr>
<tr><td>२</td><td>कास</td><td>मंगलु चौधरी</td><td>११२५०</td><td>१३५०००</td><td>१३५०</td></tr>
<tr><td>३</td><td>कास</td><td>हिमानी चौधरी</td><td>११२५०</td><td>१३५०००</td><td>१३५०</td></tr>
<tr><td>४</td><td>कास</td><td>राजेश चौधरी</td><td>११२५०</td><td>१३५०००</td><td>१३५०</td></tr>
<tr><td>५</td><td>सचा</td><td>हरिओम राना</td><td>१५२५०</td><td>१८३०००</td><td>१८३०</td></tr>
<tr><td>६</td><td>कास</td><td>जसोदा चौधरी</td><td>११२५०</td><td>१३५०००</td><td>१३५०</td></tr>
<tr><td>७</td><td>सचा</td><td>राजकुमार राना</td><td>१५२५०</td><td>१८३०००</td><td>१८३०</td></tr>
</table></td><td>१४५८०</td></tr>
</table>

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|

| | | | | | |
|---|---|---|---|---|---|
| ८ | कास | नयन चौधरी | ११२५० | १३५००० | १३५० |
| ९ | कास | विर वहादुर राना | ११२५० | १३५००० | १३५० |
| | | | | जम्मा | १४५८० |

- **उपभोक्ता समिति मार्फत कार्य**

५७. **प्राविधिक बिल र कार्य सम्पन्नः** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी किताबमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने ब्यवस्था रहेको छ । उपभोक्ता समितिहरुबाट सञ्चालित योजनाको ठेक्का बिलहरुमा लागत अनुमान र वास्तविक कामको मूल्याङ्कनमा बरावर परिमाण र रकम उल्लेख भएको देखिन्छ । लागत अनुमान बरावर नै मूल्याङ्कन भएको देखिएकाले वास्तविक काम कति भएको हो भन्ने सम्बन्धमा आश्वस्त हुन सक्ने अवस्था देखिएन । प्राविधिकले पेश गर्ने कार्य सम्पन्न प्रतिवेदनमा कार्य सम्पन्न गर्नुपर्ने मिति र कार्य सम्पन्न भएको मिति लगायतका इन्जिनियरिङ नर्म्स अनुसार बिलमा खुलाउनुपर्ने तथ्याङ्क उल्लेख गरेको पाईएन । यसले गर्दा कुन काम कहिले सम्पन्न गर्नुपर्ने र तोकिएको अवधिमा सम्पन्न भए/नभएको विषयमा यकिन हुन नसकिएको हुँदा प्राविधकले इन्जिनियरिङ नर्म्स अनुसारको उपभोक्ता समितिको बिल बनाउँदा नापजाँचलाई वास्तविक कार्यसम्पादनमा आधारित बनाउनुपर्दछ ।

५८. **लागत सहभागिता** – पालिकाले आयोजना/कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्ने, नगद सहभागिता तोकिएको अवस्थामा सहभागिता वापतको रकम सम्बन्धित स्थानीय तहको खातामा दाखिला गरी सो को भौचर प्राप्त भएपछि मात्र उपभोक्ता समितिसँग योजना सम्झौता गर्नुपर्ने गर्नुपर्दछ । तर पालिकाले लागत सहभागिता सहितका लागत अनुमान तयार गरेको देखिएन् । अतः नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्दछ ।

**सशर्त कार्यक्रमतर्फ**

५९. प्रदेश आर्थिक कार्यबिधि नियमावली २०७६ को नियम ३७(३) अनुसार खर्चको बील भरपाई वा खर्च पुष्टयाई आधार प्रमाण संलग्न राखी बजेट खर्च लेख्नु पर्नेमा निम्नानुसार कैफियत बेहोरा देखिएकोले उक्त खर्च नियमित छ भन्न सकिएन । — बेरुजू रकम: २९१४२४१

| गो.भौ.नं.। मिति | विवरण | रकम | कैफियत |
|---|---|---|---|
| स्थानीय पुर्वाधार विकास साझेदारी कार्यक्रम | | | |
| ६,२०७७।३।२५ | सरस्वती मा.वि.मा कम्प्युटर ल्याव | ५१६००० | खरिद गरिएका सामग्रीको जिन्सी दाखिला संलग्न नरहेको |
| ९, २०७७।३।२९ | एन. एस. इन्फोसिसमार्फत खरिद भएका सरस्वति मा.वि.का लागि सामग्री खरिद | १४२३२३५ | खरिद गरिएका सामग्रीको जिन्सी दाखिला संलग्न नरहेको |
| ९, २०७७।३।२९ | डेकोर स्टुडियो प्रा.लि. | ९७५००६ | डि.पि.आर जिन्सीमा दाखिला नभएको |
| जम्मा | | २९१४२४१ | |

६०. **शिक्षकको बढी निकाशा**

विद्यालयले पारित तलवी प्रतिवेदनका आधारमा माग गरेको माग फारमलाई रुजु गरी गाउँपालिकाले

| दफा नं. | भौ.नं, मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | तलव निकाशा गर्नुपर्दछ । भानु मा.वि. कञ्चका शिक्षक तस्वीरसिंह घटाल २०७६।१०।२८ मा सेवानिवृत्त भएकोमा निजको दोस्रो चौमासिकको तलव निकाशा गर्दा सेवामा बहाल रहेको अवधिको मात्र तलव निकाशा गर्नुपर्नेमा दोस्रो चौमासिकको पुरै तलव निकाशा भएकाले सेवानिवृत्त भइसकेपछिको अवधिको तलववापत रु.३८९५६।— बढी निकाशा गएकाले उक्त रकम असुल गरी संघीय संचित कोषमा दाखिला गर्नुपर्ने रु. | ३८९५६ |
| ६१. | **समानीकरणबाट शिक्षकको तलव निकाशा**<br>अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ९ ले स्थानीय तहलाई स्वीकृत दरबन्दी भित्रका शिक्षकको तलब भत्ता बापत सशर्त अनुदान उपलब्ध गराउने व्यवस्था छ । साविकको जिल्ला शिक्षा कार्यालयबाट अनुमति प्राप्त गरी सञ्चालनमा रहेका र कुनै पनि दरबन्दी तथा राहत अनुदान कोटा प्राप्त नगरेका विद्यालयलाई शिक्षक व्यवस्थापन गर्ने गरी शैक्षिक सत्र २०७६ का लागि सहयोग अनुदान दिन सकिने व्यवस्था छ । तर पालिकाले स्वीकृत दरबन्दीभित्र नपरेका एवं विद्यालयले गत विगतदेखि नै आन्तरिक स्रोतबाट तलब भत्ता व्यहोरेका शिक्षकलाई वित्तीय समानीकरण अनुदानबाट रु.२६९११६६।- तलब भत्ता भुक्तानी गरेको पाईयो । | २६९११६६ |
| ६२. | **शैक्षिक व्यवस्थापन / विद्यालय प्रशासन —** यस पालिका अन्तर्गत संचालित सामुदायिक/सार्वजनिक विद्यालयहरुमा शिक्षक कर्मचारीहरुको तलव भत्ता भौतिक पूर्वाधार निर्माण (भवन निर्माण, शौचालय निर्माण, पुस्तकालय निर्माण) पाठ्यपुस्तक तथा पाठ्य सामाग्री, छात्र —छात्रा छात्रवृति, दिवा खाजा, प्रोत्साहन रकम, पुरस्कार, संचालन खर्च, मसलन्द, प्राविधिक धारतर्फका विद्यालयहरुको निकासा लगायतका विभिन्न नाम र शिर्षकमा रकमहरु निकासा हुने गरेकोमा वर्ष भरिमा प्रत्येक त्यस्ता विद्यालयहरुलाई कुनकुन शिर्षकमा के कति रकम वजेट निकासा/ खर्च लेखी विद्यालयको नाममा पठाइएको हो सो सम्वन्धमा विद्यालयगत अभिलेख विवरण अद्यावधिक गरेको पाइएन। कार्यालयवाट गरिने यस्तो वजेट खर्च एवं अनुदान निकासाको सदुपयोगिता र प्रभावकारिता सम्वन्धमा निरन्तर अवलोकन, निरिक्षण तथा अनुगमन गरी प्रगति प्रतिवेदन हासिल गर्नुपर्दछ।<br>यसका साथसाथै निर्धारित प्रकृया एवं नियमानुसार विद्यालयहरुको लेखापरीक्षण गराई सो को प्रतिवेदन लिने र औंल्याइएका व्यहोरा सम्वन्धमा अनुगमन गर्नु पर्ने देखिन्छ। | |
| ६३. | **शिक्षक दरवन्दी र पदपूर्ति -** स्थानीय तह अन्तर्गत रहेका सामुदायिक विद्यालयहरुमा दरबन्दी अनुसार शिक्षकको पदपूर्ति भई नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ । यस स्थानीय तह अन्तर्गत विभिन्न तहका ३३ सामुदायिक विद्यालय रहेको छ । उक्त विद्यालयहरुमा ८८ शिक्षक दरवन्दी रहेकोमा ८२ पदपुर्ति रहेको छ भने पदपुर्तिमध्ये ४९ करारबाट पुर्ति तथा ६ दरवन्दी रिक्त रहेको छ । दरबन्दी बमोजिम शिक्षक पदपूर्ति गर्नेतर्फ गाउँपालिकाले ध्यान दिनुपर्दछ । | |
| ६४. | **प्रधानमन्त्री रोजगार कार्यक्रम -** स्थानीय तहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारी प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतहभित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन निर्देशिका, २०७५ को दफा २(१) बमोजिम गाउँपालिकाले बेरोजगारको तथ्याङ्क अद्यावधिक गरेर, सुचीमा समावेश भएकाहरुलाई प्राथमिकिकरण गरी प्राथमिकता क्रम अनुसार, कामका लागि रोजगार कार्यक्रममा संलग्न गराई रोजगारी दिनुपर्ने व्यवस्था रहेकोमा, कार्यालयले बेरोजगारको तथ्याङ्क अद्यावधिक गरेको छैन/बेरोजगारको सूचिमा समावेशलाई प्रथमिकिकरण गरेको छैन । कामका लागी रोजगार कार्यक्रम कार्यान्वयनका लागि निर्देशिकामा उल्लेखित व्यवस्थाहरुको | |

| दफा नं. | भौ.नं, मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | पालना नगरी योजनाको छनौट अगावै औजार खरिद भएको, खरिद भएको औजारहरुको जिन्सी दाखिला नभएको, अत्याधिक संख्यामा योजना छनौट भएको, पूर्वाधार एवम् अन्य विकास निर्माणका लागि अधिकाँश योजना छनौट नभई, अनुत्पादनमुलक कार्य गराउने गरी योजना छनौट भएका छन् । साथै श्रमिकको संख्या पनि अत्याधिक रहेकोले कार्यक्रमको उद्देश्य अनुरुप लक्ष्य हाँसिल गर्ने गरी कार्यान्वयन भएको पाईएन । यस कार्यक्रम अन्तर्गत स्थानीय तहभित्रका वडाहरुमा सडक नाला, मोटर बाटो, इनार, प्रतिक्षालय निर्माण कार्य लगायतका कार्यक्रम सञ्चालन गरी यस वर्ष १०५० कार्यदिन रोजगारी उपलव्ध गराई रु.७६१५६५।- खर्च गरेको छ । लक्षित वर्गलाई रोजगारी उपलब्ध गराई श्रमिक ज्याला, प्रशासनिक र कार्यक्रम खर्च समेत खर्च लेखेका छन् । उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सृर्जना भएको देखिंदैन । | |
| ६५. | **कन्टिन्जेन्सी खर्चको अभिलेख :** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १०(७) अनुसार लागत अनुमान तयार गर्दा लागत अनुमानको ५ प्रतिशतमा नबढ्ने गरी कन्टिन्जेन्सी खर्च समावेस गर्न सकिने र नेपाल सरकार अर्थ मन्त्रालयको मिति २०७०।१।१५ को निर्णयअनुसार खर्च गर्दा पूँजीगत प्रकृतिको २ प्रतिशत र अन्य सानातिना खर्च ३ प्रतिशतभन्दा नबढ्ने गरी खर्च गर्न सकिने व्यवस्था गरेको छ । कार्यालयले पूर्वाधार विकासका आयोजनाहरुबाट कट्टी गरेको रकम रु. २०९४३४८ खर्च गरेको विवरण पेश भएको छ । कार्यालयले कन्टिन्जेन्सीको अभिलेख राखी कन्टिन्जेन्सी रकमलाई कार्ययोजना बनाई खर्च गर्नेतर्फ ध्यान दिनुपर्दछ । | |
| ६६. | **कार्य सम्पन्न प्रतिवेदन** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२५(२) मा कुनै निर्माण कार्य सम्पन्न भई त्रुटी सच्याउने दायित्वको अवधि समाप्त भएपछि प्राविधिक कर्मचारीबाट जाँचबुझ गराई कार्य सम्पन्न प्रतिवेदन तयार गर्नु व्यवस्था छ । यस स्थानीय तहले उल्लिखित कानूनी व्यवस्था बमोजिम त्रुटी सच्याउने दायित्वको अवधि समाप्त भएपछि कार्य सम्पन्न प्रतिवेदन तयार गरेको पाइएन । कानूनी व्यवस्थाको पालना नभएकोले त्यस्तो निर्माण कार्य स्वीकृत ड्रइङ डिजाइन वा स्पेसिफिकेशन बमोजिम भए नभएको यकिन हुन सक्ने अवस्था देखिएन । | |
| ६७. | **सार्वजनिक परीक्षण** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी, दिगो र भरपर्दो वनाउन कार्यक्रमको सामाजिक परीक्षण अन्तर्गत सार्वजनिक परीक्षण र सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था बमोजिमको कार्य भएको पाइएन । सार्वजनिक परीक्षणको अभावमा आर्थिक कारोबारमा जवाफदेहिता र पारदर्शिताको प्रवर्द्धन गर्ने कार्यमा बाधा पर्ने देखिन्छ । | |
| ६८. | **डीपीआर खर्च** — बजेट व्यवस्था भई कार्यान्वयन हुने आयोजनाको मात्र गुरुयोजना डीपीआर लगायतको अध्ययत गरी प्रतिवेदन तयार गर्नु पर्दछ । यस स्थानीय तहले यो बर्ष स्वीकृत बार्षिक कार्यक्रम अनुसार विभिन्न १२ कामको लागि ५ परामर्शदाताबाट डि.पि.आर. गराई प्रतिवेदन प्राप्त गरी रु.३१५७२५६।— खर्च लेखेको छ । डी.पी.आर.तयार गर्दा गाउँपालिकाको प्राविधिक जनशक्ति प्रयोग नगर्नाको कारण स्पष्ट गर्दै आगामी दिनमा गाउँपालिकाको प्राविधिक जनशक्तिबाट यस्तो कार्य गराउनु पर्दछ । | |
| ६९. | **गुणस्तर परीक्षण** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११५(१) अनुसार सार्वजनिक निकायले आपुर्ति गरेका मालसामान सम्झौतामा उल्लेखित प्राविधिक स्पेशिफिकेसन र गुणस्तर वमोजिम भए नभएको निरीक्षण वा परीक्षण गर्नु गराउनु पर्ने व्यवस्था छ । स्थानीय तहले निर्माण | |

| दफा नं. | भौ.नं, मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गरेको पाइएन । | |
| ७०. | **भ्रमण खर्च :** सुदुर पश्चिम प्रदेश अन्तर्गतका स्थानीय तहका पदाधिकारी तथा सदस्यले पाउने सुविधा सम्बन्धी ऐन, २०७५ तथा भ्रमण खर्च नियमावली, २०६४ बमोजिम कार्यालयको काममा कर्मचारी तथा पदाधिकारीलाई भ्रमण खर्च भुक्तानी गर्दा देखिएका व्यहोराहरु देहाय बमोजिम छन् ।<br>• अधिकांश भ्रमणको उद्देश्य र स्पष्ट प्रयोजन कार्यालयकै कामका लागि भएको हो भनी सुनिश्चित हुने विश्वसनीय आधार नदेखिएको ।<br>• नियमानुसार भ्रमण अभिलेख खाता नरहेकाले पदाधिकारी तथा कर्मचारीको भ्रमण सम्बन्धी एकिकृत विवरण प्राप्त हुन नसकेको ।<br>• भ्रमण पश्चात् तोकिए बमोजिम भ्रमण प्रतिवेदन पेश नगरी अधिकांश भ्रमणको भ्रमण खर्च भुक्तानी गर्ने गरेको ।<br>• कतिपय भ्रमणहरु पालिका वा कार्यालयसँग असम्बन्धित नगर/गाँउपालिका गएको जनाई सो वापतको खर्च भुक्तानी गर्ने गरेको ।<br>• स्पष्ट प्रयोजन बेगर वडा अध्यक्ष सहितका पदाधिकारीको ७ दिनको भ्रमण आदेश स्वीकृत गरी भुक्तानी गर्ने गरेको ।<br>यसरी स्पष्ट प्रयोजन र उद्देश्य बेगर अधिकांश भ्रमणहरुमा ७ दिनको समयावधी राखी भ्रमण खर्च भुक्तानी गरेको देखियो । त्यसैले तोकिएको कानुनी व्यवस्थाको पालना गर्दै भ्रमण खर्चमा नियन्त्रण गर्नुपर्दछ । | |
| ७१. | **डोजर मर्मत :** पालिकामा रहेको डोजर, लोडर, रोलर लगायतका हेभि मेशिनको मर्मत तथा ईन्धनमा यो साल कार्यालयले गरेको खर्च विवरण पेश भएन । उक्त हेभि मेसिनहरुबाट कार्यालयले रु.१०२५६६०।- आम्दानी गरेको छ । कार्यालयले उपलब्ध मेशिनरीको अधिकतम प्रयोग गर्ने एवम् सरकारी रकम लगानीको उचित प्रतिफल प्राप्त हुने गरि प्रयोग गर्नुपर्दछ । उक्त मेसिनरीहरू प्रयोग गरेवापतको विभिन्न व्यक्तिहरुबाट उठ्न बाँकी रकम रु.२८०९०।— यथाशिघ्र असुल गर्नुपर्ने रु. | २८०९० |
| ७२. | **सामाजिक सुरक्षातर्फ**<br>सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ को परिच्छेद ७ बमोजिम प्रत्येक स्थानीय तहले मन्त्रालयको स्वीकृति बिना कुनैपनि प्रकारका सामाजिक सुरक्षा भत्ता नगद वितरण गर्न नपाइने र प्रत्येक स्थानीय तहले आफ्नो क्षेत्र भित्रका सबै लक्षित वर्ग तथा समूहको तथ्याङ्क केन्द्रीय पञ्जिकरण विभागको एम.आई.एस. प्रणालीमा Online प्रविष्टी गरी अद्यावधिक गरेको तथ्याङ्कको आधारमा नजिकको बैंकको शाखाबाट खाता सञ्चालन गरी वितरण गर्नुपर्ने व्यवस्था छ । | |
| | (क) गाउँपालिकाले सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने व्यक्तिको विवरण अद्यावधिक गरेको देखिएन । यो वर्ष सामाजिक सुरक्षा भत्ता रकममा रु.३३७४२०००।— खर्च भएको छ । गाउँपालिकाले सामाजिक सुरक्षा भत्ता बैङ्किङ प्रणालीबाट वितरण गरेको छ। सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ को अनुसुची ७ बमोजिम बैङ्क र गाउँपालिकाबीच भएको सम्झौताको ६ नं. बमोजिमको विवरण बैङ्कले गाउँपालिकालाई उपलब्ध गराएको छैन भने सम्झौताको १० नं. | |

<table>
<tr><th>दफा नं.</th><th>भौ.नं, मिति र व्यहोरा</th><th>बेरुजू रकम</th></tr>
<tr><td></td><td>बमोजिमको निष्क्रिय खाताको विवरणसमेत बैङ्कले उपलब्ध गराएको छैन । बैङ्कले भत्ता वितरण गरेको १५ दिनभित्र बिवरण दिनुपर्ने र बाँकी रकमसमेत फिर्ता गर्नुपर्नेमा बैङ्कले दोश्रो र तेश्रो चौमासिकको पेश्की फछ्र्यौट गरेको छैन । बैङ्कबाट सम्झौताबमोजिमको विवरण प्राप्त गर्न नगरपालिकाले आवश्यक कदम चाल्नुपर्दछ ।</td><td></td></tr>
<tr><td></td><td>(ख) सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ को बुँदा नं.११ अनुसार सामाजिक सुरक्षा सम्बन्धी अनुसूची ८, ९, १०, ११ र १२ तयार गरी सोको आधारमा भत्ता खर्च लेख्नुपर्ने व्यवस्था उल्लेख छ । सामाजिक सुरक्षा भत्ता पाउने व्यक्तिको परिचयपत्र सहितको नामावली अद्यावधिक नहुँदा भत्ता पाउने व्यक्ति छुट्ने वा अर्को व्यक्तिले दोहोरो भत्ता भुक्तानी लिई खर्चमा अनियमितता हुन जाने सम्भावना रहन्छ । निर्देशिकाले ब्यवस्था गरे अनुसार सबै अनुसूचीको भिडान गरी सामाजिक सुरक्षा भत्ता खर्च लेख्ने, अघिल्लो चौमासिकमा भएको नविकरण, लगत कट्टाको अभिलेखलाई अद्यावधिक गरेर मात्र अर्को चौमासिकको किस्ता भुक्तानी गर्नुपर्नेमा सो वेगर भुक्तानी भएको छ । एम.आई.एस. प्रणालीलाई अद्यावधिक गर्नेतर्फ गाउँपालिकाले विशेष ध्यान पुऱ्याउनुपर्दछ।</td><td></td></tr>
<tr><td></td><td>प्रकोप व्यवस्थापन कोष (कोभिड १९)</td><td></td></tr>
<tr><td>७३.</td><td>कोभिड १९ बाट उत्पन्न जटिल परिस्थितिको व्यवस्थापन गर्न गाउँपालिकाले प्रकोप व्यवस्थापन कोष खडा गरी आन्तरिक तथा बाह्य स्रोतबाट स्रोत व्यवस्थापन गरी राहत वितरण, क्वारेण्टिन व्यवस्थापन तथा आइसोलेसन व्यवस्थापनको कार्य गरेको छ । प्रकोप व्यवस्थापन कोषको आय तथा व्ययको अवस्था निम्न बमोजिम रहेको छ।
<table>
<tr><th>आम्दानीको विवरण</th><th>रकम</th><th>खर्चको विवरण</th><th>रकम</th></tr>
<tr><td>संघीय संचित कोष</td><td>३३५०००</td><td>राहत वितरण</td><td>१३६६८६६</td></tr>
<tr><td>प्रदेश संचित कोष</td><td>१३३००००</td><td>क्वारेण्टिन व्यवस्थापन</td><td>२३४७२६९</td></tr>
<tr><td>आन्तरिक स्रोत</td><td>५००००००</td><td>आइसोलेसन व्यवस्थापन</td><td>४१५५००</td></tr>
<tr><td>संघीय कोभिड कोष</td><td></td><td>जोखिम भत्ता</td><td>५२३४८०</td></tr>
<tr><td>अन्य</td><td>५८६२६७</td><td>औषधि एवं स्वास्थ्य सामग्री</td><td>८७९७८५</td></tr>
<tr><td></td><td></td><td>अन्य</td><td>३८५०००</td></tr>
<tr><td></td><td></td><td>मौज्दात</td><td>१३३३३६७</td></tr>
<tr><td>जम्मा</td><td>७२५१२६७</td><td>जम्मा</td><td>७२५१२६७</td></tr>
</table></td><td></td></tr>
<tr><td>७४.</td><td>राहत वितरणः राहत सामग्री खरिद गर्दा सोझै खरिद गरेको छ । गाउँपालिकाले राहत वितरणमा रु. १३६६८६६।- खर्च गरेको छ । गाउँपालिकाले राहत वितरणसम्बन्धी मापदण्ड निर्धारण गरी सोही अनुसारका वडाबाट सिफारिस भई आएका नामावली अनुसार राहत वितरण गरेको पाइयो ।</td><td></td></tr>
<tr><td>७५.</td><td>क्वारेण्टिन व्यवस्थापनः गाउँपालिकाले २७ वटा क्वारेण्टिन व्यवस्थापनमा रु. २३४७२६९।- खर्च</td><td></td></tr>
</table>

| दफा नं. | भौ.नं, मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | भएको छ। क्वारेण्टिनमा बसेका व्यक्तिहरुको खाना खर्चमा रु.२०६९०८४।— खर्च भएको छ । | |
| ७६. | **जिन्सी व्यवस्थापनः** क्वारेण्टिन व्यवस्थापनको क्रममा खरिद गरिएका खप्ने तथा नखप्ने सामानहरु जिन्सीमा आम्दानी जनाइएको छैन भने खप्ने किसिमका पंखा, पानीटयाङ्की लगायतका सामानहरुसमेत कहाँ के कुन अवस्थामा रहेका छन सो को लगत राखेको पाइएन । विद्यालय तथा सार्वजनिक भवनहरुमा प्रयोग भएका त्यस्ता सामानहरु त्यस्ता संस्थाहरुलाई हस्तान्तरण गरी वा कार्यालयले आफ्नो जिम्मामा लिई संरक्षण गर्नुपर्दछ । | |
| ७७. | **जोखिम भत्ताः** कार्यालयले स्वास्थ्यकर्मी तथा प्रशासनिक कर्मचारीहरुलाई कार्यविधिले व्यवस्था गरेअनुसार रु.३६७८६०।— जोखिम भत्ता वितरण गरेको छ । | |
| ७८. | **वार्षिक प्रतिवेदन —** विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा ४५ मा स्थानीय विपद् व्यवस्थापन समितिले प्रत्येक आर्थिक वर्षमा गरेको कामको विवरण सहितको वार्षिक प्रतिवेदन तयार गरी जिल्ला विपद् व्यवस्थापन समिति तथा प्रदेश विपद् व्यवस्थापन कार्यकारी समिति समक्ष पेस गर्नुपर्ने व्यवस्था छ । पालिकाले कामको विवरण सहितको वार्षिक प्रतिवेदन तयार गरी सम्बन्धित समितिमा पेस गरेको पाइएन । ऐनमा भएको व्यवस्थाको पालना हुनुपर्दछ । | |
| ७९. | **सरकारी तथा सार्वजनिक जग्गा संरक्षण, उपयोग तथा हक हस्तान्तरण** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७ मा गाउँपालिका तथा नगरपालिकाले आफ्नो क्षेत्रभित्रको सरकारी सामुदायिक तथा सार्वजनिक सम्पत्तिको रेखदेख, मर्मत सम्भार र संरक्षण गर्नुपर्ने व्यवस्था छ ।यस सम्वन्धमा निम्नानुसार देखिएको छः पालिकाले आफ्नो क्षेत्रभित्रको सार्वजनिक सम्पत्तिको मर्मत सम्भार एवं संरक्षण गरेको/अभिलेख राखेको पाइएन । पालिकाले आफ्नो क्षेत्रभित्रको सम्पत्तिको रेखदेख मर्मत सम्भार एवं संरक्षण गर्नुपर्दछ । | |
| ८०. | **पेश्कीः**<br>सुदुरपश्चिम प्रदेशको आर्थिक कार्यविधि नियमावली, २०७६ को नियम ३६(५) मा सरकारी निकायबाट कुनै तालिम, गोष्ठी, कार्यशाला गोष्ठी आदि सञ्चालन गर्दा सो कार्यको कार्यक्रम तथा लागत अनुमान तयारी गरी अधिकारप्राप्त अधिकारीबाट स्वीकृत गराउनुपर्ने व्यवस्था छ । कार्यालयले कृषि, शिक्षा, पशु र स्वास्थ्य लगायतका क्षेत्रका कार्यक्रम सञ्चालन गर्न पेश्की माग गर्दाको बखत कार्यक्रम निर्देशिका अनुरुपका क्रियाकलापहरु निर्धारण गर्ने र स्वीकृत नर्म्स अनुसार लागत अनुमान तयार गरी स्वीकृत लागत अनुमानका आधारमा त्यस्ता तालिम, गोष्ठी सञ्चालन गर्नुँपर्नेमा निवेदनका आधारमा पेश्की लिने, लिएको पेश्की फछ्र्यौट नगरी पुनः पेश्की दिने आर्थिक वर्षको अन्त्यसम्म कार्यक्रम नगरी पेश्की रहिरहने र बर्षान्तमा मात्र कार्यक्रम गरी पेश्की फछ्र्यौटको लागि पेश गर्ने गरेको देखियो ।<br>उपभोक्ता समितिहरुमार्फत कार्यान्वयनमा ल्याइएका योजनाहरु बहुवर्षिय नहुने र चालु वर्षमाभित्र फछ्र्यौट नहुने गरी पेश्की समेत उपलव्ध गराउन नसकिने व्यवस्था छ । कार्यालयले आषाढ महिनामा मात्र उपभोक्ता समितिमार्फत सम्झौता गरी विभिन्न योजनाका लागि पेश्की दिएको देखिन्छ।<br>**पेश्की फछ्र्यौटः**<br>पेश्की दिएको रकम म्यादभित्र फछ्र्यौट गर्नु गराउनु पेश्की लिने दिने दुवैको कर्तव्य तोकिएको छ । कार्यालयले माद ननाघेको पेश्की रु.९४५४५३७।- म्यादभित्रै फछ्र्यौट गराउनुपर्दछ । कार्यालयले म्याद नाघेको पेश्की रु.२१९४५६।- आर्थिक वर्षको अन्त्यसम्म फछ्र्यौट नभई बाँकी देखिएकाले | |

<table>
<tr><th>दफा नं.</th><th>भौ.नं, मिति र व्यहोरा</th><th>बेरुजू रकम</th></tr>
<tr><td></td><td>नियमानुसार फर्छ्यौट गर्नु पर्ने रु.
<table>
<tr><th>सि.नं.</th><th>पेश्की लिएको मिति</th><th>पेश्की लिनेको नाम</th><th>पेश्की रकम</th><th>कैफियत</th></tr>
<tr><td colspan="2">म्याद नाघेको पेश्की</td><td></td><td></td><td></td></tr>
<tr><td>१.</td><td>२०७७।२।२७</td><td>एम.एस निर्माण सेवा</td><td>२१९४५६</td><td>मोविलाइजेशन</td></tr>
<tr><td></td><td></td><td>जम्मा</td><td>२१९४५६</td><td></td></tr>
<tr><td colspan="2">म्याद ननाघेको पेश्की</td><td></td><td></td><td></td></tr>
<tr><td>२.</td><td>२०७७।३।४</td><td>डि.के.डि.एस. कन्स्ट्रक्सन प्रा.लि.</td><td>२०१४५१</td><td></td></tr>
<tr><td>३.</td><td>२०७७।३।९</td><td>एम.एस निर्माण सेवा</td><td>२१९४५६</td><td></td></tr>
<tr><td>४.</td><td>२०७७।३।२८</td><td>हिम सगरमाथा/प्रेम डेभलपर्स ग्रुप जे भि</td><td>३४२६६३०</td><td></td></tr>
<tr><td>५.</td><td>२०७७।३।२९</td><td>डि.के.डि.एस. कन्स्ट्रक्सन प्रा.लि.</td><td>१०४१०००</td><td></td></tr>
<tr><td>६.</td><td>२०७७।३।२९</td><td>डि.के.डि.एस. कन्स्ट्रक्सन प्रा.लि.</td><td>१०३३०००</td><td></td></tr>
<tr><td>७.</td><td>२०७७।३।२९</td><td>पुजार क्रियटिभ कन्स्ट्रक्सन एण्ड सप्लायर्स</td><td>५३७०००</td><td></td></tr>
<tr><td>८.</td><td>२०७७।३।२९</td><td>बस्नेत कन्स्ट्रक्सन</td><td>९९२०००</td><td></td></tr>
<tr><td>९.</td><td>२०७७।३।२९</td><td>बस्नेत कन्स्ट्रक्सन</td><td>१००६०००</td><td></td></tr>
<tr><td>१०.</td><td>२०७७।३।२९</td><td>बस्नेत कन्स्ट्रक्सन</td><td>९९८०००</td><td></td></tr>
<tr><td colspan="3">जम्मा</td><td>९४५४५३७</td><td></td></tr>
</table></td><td>२१९४५६</td></tr>
<tr><td></td><td>आन्तरिक लेखापरीक्षणः<br>स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७७ (२) मा प्रत्येक स्थानिय निकायले सवै प्रकारका आय व्ययको लेखापरीक्षण गराउनु पर्ने व्यवस्था छ। आन्तरिक लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएका बेरुजु अन्तिम लेखापरीक्षण हुनु अगावै फछ्र्यौट गरिसक्नुपर्ने व्यवस्था भएतापनि देहायबमोजिमका बेरुजु फछ्र्यौट गरेको प्रमाण पेश नभएकाले बेरुजु कायम गरिएको छ</td><td></td></tr>
<tr><td>८१.</td><td>गो.भौ. नं. १०९, २०७६।१०।२० वडा नं. २को सार्वजनिक शौचालय निर्माण उपभोक्ता समितिलाई दिएको भुक्तानीमा स्वीकृत लागत अनुमान अनुसार Sallwoodpanallled, Supply pipe 4 inch, Airvent 4 Inch को दर रकम रु १०००,१००,१०० भएको र अन्तिम प्राविधिक मूयांकन अनुसार Sallwoodpanallled, Supply pipe 4 inch, Airvent 4 Inch को दर रकम रु 1250,513.38,513.38 भएको (खरिद परिमाण 38,30,6) र सो अनुसार रकम रु 9500,12401,2478 बढी भुक्तानि भएकोले जम्मा रकम रु 24,379/- असुलउपर गरि सम्बन्धित खातामा दाखिला गर्नुपर्ने ।</td><td>२४३७९</td></tr>
<tr><td>८२.</td><td>गो.भौ. नं. १९०, २०७७।२।१४ वडा नं. ३ स्थित ढकैना ताल पोखरी निर्माण उपभोक्ता समितिले ढकैना ताल पोखरी निर्माण गर्दा रामकृष्ण चौधरीको जे.सि.बी बहालमा ल्याई प्रयोग गरी 62500 भुक्तानी भएको र बहाल कर वाफत 10% ले हुन आउने रकम रु 6250/- कट्टी नभई बढी भुक्तानी भएकाले सो रकम असुल गरी सम्बन्धित खातामा दाखिला हुनुपर्ने ।</td><td>६२५०</td></tr>
<tr><td>८३.</td><td>गो.भौ. नं. २८५, २०७७।३।२३ वडा नं. ४ स्थित महिलाहरुका लागि सिलाईकटाई तालिम सञ्चालनको भुक्तानीमा दुई जना प्रशिक्षकहरुलाई दिईएको जनही रु 15000 का दरले रु 30000 मा पारिश्रमिक कर रु ४५०० र सो सँगै राखिएको अन्य बिल बिजक रु 33930 मा लाग्ने अग्रिम आयकर 509 कट्टी गरी सम्बन्धित खतामा दाखिला भएको प्रमाण पेश हुनुपर्ने अन्यथा असुलुपर हुनुपर्ने रकम रु 5009/- ।</td><td>५००९</td></tr>
<tr><td>८४.</td><td>गो.भौ. नं. २९०, २०७७।३।२४ वडा नं. ३ मा विद्युत ट्रान्सफर्मर तथा विद्यत लाईन विस्तारमा कुल विनियोजित रकम रु 8,00,000 भएको , प्राविधिकको अन्तिम मूल्यांकन अनुसार गो.भौ.नं. 278 बाट 7,31,906 भुक्तानी भएको र गो.भौ.नं. २९० बाट बिना प्राबिधिक मूल्यांकन थप भुक्तानी भनी</td><td>५३०५८</td></tr>
</table>

| दफा नं. | भौ.नं, मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | टिप्पणीको आधारमा रु 53,058/- भुक्तानी भएकोले थप प्राबिधिक मूल्यांकनको कागजात पेश हुनुपर्ने अन्यथा सम्बन्धित खातामा दाखिला हुनुपर्ने रकम रु 53,058/- | |
| ८५. | **गो.भौ. नं. ३०३, २०७७।३।२५** रामसिंह धामीलाई बेतबास सम्बन्धी तालिम सञ्चालनका लागि दिईएको रकम रु७५000/- को बिल भरपाई अनुसार बेतबास प्रशिश्क्षकलाई 7000 दिएको र पारिश्रमिककर 15% ले हुना आउने रकम रु 1050 र अन्य भत्ता 4000 वाफत दिएको र पारिश्रमिककर १५% ले हुनआउने रकम रु 600 तथा 33000 को अन्य बिल बाट अग्रिम आय कर १.५% ले हुन आउने रकम रु ४९५ र जम्मा 2146,कर दाखिला भएको प्रमाण पेश हुनुपर्ने मा नभएकाले असुलउपर गरि सम्बन्धित खातामा दाखिला गर्नुपर्ने । | २१४६ |
| ८६. | **गो.भौ. नं. ३७९, २०७७।३।२९** भानु मा.वि. अधुरो गेट पर्खाल निर्माण उ.स. लाई दिईएको भुक्तानीमा रहेको भरपाई अनुसार उ.सले ढुवानी वाफत 35570 दिएको, ढुवानी कर १0% ले हुनआउने रकम रु 3557 र अन्य बिल 2,97,402 को अग्रिम आयकर १.५% ले हुन आउने रकम रु 4461 जम्मा रकम रु 8018/- कर दाखिला भएको प्रमाण पेश हुनुपर्ने मा नभएकाले असुलउपर गरि सम्बन्धित खातामा दाखिला गर्नुपर्ने । | ८०१८ |
| ८७. | भ्रमण खर्च नियमावली २०६४ को नियम १८ को उपनियम २बमोजिम हवाई यातायतको सुविधा लिने पदाधिकारी वा कर्मचारीले हवाई टिकट पेस गरेमा मात्र सो बाफतको रकम भुक्तानी दिईनेछ र ३ बमोजिम उपनियम (२) बमोजिम भुक्तानी माग गर्दा साविक कार्यालयबाट लिएको दैनिक भत्ता तथा भ्रमण खर्चको बिलको प्रमाणित कागज संलग्न गर्नुपर्ने कुरा उल्लेख छ गो. भौ.न. 249/2076/12/12, मिति 2076/11/18-2076/11/21 गते काठमाण्डैं जादा आउदाको श्री ई.राम प्रसाद अवस्थी लाई दिइएको भ्रमण खर्चभुक्तानीमा प्लेन टिकट प्रयोग गरे बाफतको रकम रु13000(दुई तर्फ) सो प्लेन टिकट खर्च प्रमाणित गर्ने वोर्डिङ्ग पास नभएकोले जम्मा रकम रु 13000 नियम संगत खर्च नभएकोले नियामित मान्न नसकिने । | १३००० |
| ८८. | **गो.भौ. नं. ११८, २०७७।३।२३ संघीय सशर्त** दुर्गा आ.वि र बैजनाथ आ.वि हरुलाई ICT Lab निर्माणको लागि रकम रु 1300000 दिएको बजेट खर्चमा सक्कल विल भरपाई पेश नभएको तथा दुर्गा आ.वि को बिल भरपाई अनुसार 6500 को ढुवानी खर्च देखाई सो अनुसार 10% ले हुन आउने ढुवानीकर 650 र अन्य बिलबाट हुनआउने रु 8782 अग्रिमआयकर सम्बन्धित खातामा दाखिलागरेको प्रमाण पेश नभएको । बैजनाथ आ.वि को बिल भरपाई अनुसार जम्मा बिलबाट हुनआउने रु 8629 अग्रिमआयकर सम्बन्धित खातामा दाखिलागरेको प्रमाण पेश नभएको । | १८०६१ |
| ८९. | **गो.भौ. नं. ७, २०७७।३।२५(संघ सशर्त पुँजीगत) निम्न विद्यालयहरुलाई भवन निर्माणका लागि रु 55,00,000 रकम भुक्तानी दिँदा खर्च प्रमाणित बिल भरपई बेगर भुक्तानी दिई बजेट खर्च जनाएकाले खर्च प्रमाणित विल भरपाई पेश हुनुपर्ने अन्यथा असुलउपर गरी सम्बन्धित खातामा दाखिलाको प्रमाण पेश गर्नुपर्ने ।** | |
| | नवोदय आधारभुत विद्यालय लाई 16,00,000 बजेट खर्च दिएको र नवोदय आधारभुत विद्यालय को विल भरपाई अनुसार रु 2,01,900 को ढुवानी खर्च देखाएको, ढुवानी कर 10% बमोजिम हुनआउने रकाम रु 20,190 र अन्य विल वाफत हुनआउने अग्रिमआयकर 1.5% हुनआउने रकम रु 15167 तथा जम्मा कर रकम रु35357 सम्बन्धित खातामा दाखिला गरेको प्रमाण पेश हुनुपर्नेमा दाखिलाको प्रमाण पेश नभएको । | ३५३५७ |
| | बैजनाथ बहुभाषिक विद्यालय लाई 16,00,000 बजेट खर्च दिएको र बैजनाथ बहुभाषिक विद्यालयको विल भरपाई अनुसार रु 2,64,500 को ढुवानी खर्च देखाएको, ढुवानी कर 10% बमोजिम हुनआउने रकाम रु 26450 र अन्य विल वाफत हुनआउने अग्रिमआयकर 1.5% ले हुनआउने रकम रु 18920 | |

| दफा नं. | भौ.नं, मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | तथा जम्मा कर रकम रु45370 सम्बन्धित खातामा दाखिला गरेको प्रमाण पेश हुनुपर्नेमा दाखिलाको प्रमाण पेश नभएको । | ४५३७० |
| | बैजनाथ आधारभुत विद्यालय लाई 7,00,000 बजेट खर्च दिएको र बैजनाथ आधारभुत विद्यालयको विल भरपाई अनुसार रु 62,900 को ढुवानी खर्च देखाएको, ढुवानी कर 10% बमोजिम हुनआउने रकाम रु 6290 र अन्य विल वाफत हुनआउने अग्रिमआयकर 1.5% ले हुनआउने रकम रु 7155 तथा जम्मा कर रकम रु13,445 सम्बन्धित खातामा दाखिला गरेको प्रमाण पेश हुनुपर्नेमा दाखिलाको प्रमाण पेश नभएको । | १३४४५ |
| | जनचेतना आधारभुत विद्यालय लाई 16,00,000 बजेट खर्च दिएको र जनचेतना आधारभुत विद्यालयको विल भरपाई अनुसार रु 1,85,550 को ढुवानी खर्च देखाएको, ढुवानी कर 10% बमोजिम हुनआउने रकाम रु 18,555 र अन्य विल वाफत हुनआउने अग्रिमआयकर 1.5%ले हुनआउने रकम रु 15,342 तथा जम्मा कर रकम रु33,897 सम्बन्धित खातामा दाखिला गरेको प्रमाण पेश हुनुपर्नेमा दाखिलाको प्रमाण पेश नभएको । | ३३८९७ |
| ९०. | **गो.भौ. नं. १५, २०७७।३।२९(प्रदेश सशर्त पुँजीगत)** भानु मावि अधुरो भवन निर्माणमा कुल बजेट 9,72,100 खर्च भएको भानु मावि अधुरो भवन निर्माण उ.सको विल भरपाई बमोजिम 1,73,500 ढुवानीमा खर्च देखाई ढुवानी कर 10% बमोजिम हुनआउने रकम रु17,350 र अन्य बिल बमोजिम 1.5% ले हुनआउने अग्रिमआयकर रु 9,794 सम्बन्धित खातामा दाखिला गरेको प्रमाण पेश हुनुपर्नेमा पेश नभएको र सार्वजनिक खरिद नियमावली 2064 को नियम 19 को २(क) बमोजिम स्थायी लेखा नं. प्राप्त गरेका व्यवसायिहरु बाट 20 हजार भन्दा कमको कारोबार गर्न मिल्ने तर मिति र बिजक नं. मेल नखाने गरी टुक्रे बिजक बनाई स्थायी लेखा नं.मा रु 1,52,660 बराबरको समान खरिद गरिएकोले मुल्य अभिवृद्धि कर छलेकोले मुल्य अभिवृद्धिकर बाफत हुन आउने 13.5% प्रतिशत रकम रु.20609 गरी जम्मा रकम रु 47,752 असुलउपर गरी सम्बन्धित खातामा दाखिला गर्नुपर्ने । | ४७७५२ |
| ९१. | **गो.भौ. नं. ३, २०७६।९।२४(शिक्षा चालु)** गा.पा. अन्तरगतको श्री रामेश्वर मा.वि विद्यालयमा कार्यरत शिक्षक श्री गोपीलाल चौधरीलाई तलब भुक्तनी गर्दा श्री गोपीलाल चौधरीको तलब रु 3915 का दरले छ महिना को तलब र दसै खर्च जम्मा रु.27,405 भुक्तानि हुनुपर्नेमा निजलाई रकम रु 29,425 भुक्तानी भएको देखिन्छ रु 2020 बढी भुक्तानी भएकोले असुल उपर गरी सम्बन्धित खातामा दाखिला हुनुपर्ने । सामाजिक सुरक्षा कर 2242.35 कट्टी गरी दाखिला हुनपर्नेमा रु 222 मात्र कट्टी भई दाखीला भएको देखिन्छ, बाकी रकम रु.2020.35 असुलउपर गरि सम्बन्धित खातामा दाखिला हुनुपर्ने । | ४०२० |
| ९२. | **गो.भौ. नं. १०, २०७७।३।१२(शिक्षा पूँजीगत)** गा.पा. अनतरगतका (बैजनाथ बालज्योती बालविकास केन्द्, बैजनाथ बालविकास केन्द्र, पुर्णिमा बालविकास केन्द्र, नवोदाय बालविकास केन्द्र) विद्यालयहरुमा शैक्षिक गुणस्तर सुधारका लागि बालविकास नमुना कक्षाकोठा निर्माण र शैक्षिक तथा खेलकुद व्यवस्थापनका लागि भएको भुक्तानी रकम रु 6,00,000 बजेट खर्च भई, खर्च प्रमाणित बिल भरपाई तथा प्राविधिक विल बेगार भुक्तानी दिई बजेट खर्च जनाएकोले प्राविधिक विल तथा खर्चप्रमाणित बिल भरपाई पेश हुनुपर्ने अन्यथा असुलउपर गरी सम्बन्धित खातामा दाखिला गर्नुपर्ने । | ६००००० |

## सञ्चित कोषको विवरण

## २०७६।०७७

**अनुसूची १**

(रु. हजारमा)

| क्र.सं. | स्थानीय तह | जिल्ला | आय | | | | | | व्यय | | | | मौज्दात बाँकी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | गत वर्षको जिम्मेवारी | सङ्घ तथा प्रदेश अनुदान | राजस्व बाँडफाँड | आन्तरिक आय | अन्य आय | जम्मा आय | चालु खर्च | पूँजिगत खर्च | अन्य खर्च | जम्मा खर्च | |
| १ | लालझाडी गाउँपालिका | कञ्चनपुर | ४०१६२ | २१७२६३ | ५०९८७ | १०३३५ | ६२८१८ | ३४१४०३ | ११९३२४ | १२२५६४ | ७६१९० | ३१८०७८ | ६३४८७ |

## बेरुजु बर्गिकरण (बिनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

## २०७६।०७७

**अनुसूची २**

(रु. हजारमा)

| क्र.सं. | स्थानीय तह | प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फछ्र्यौट | | | बाँकी बेरुजु | | | बेरुजु | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | दफा संख्या | | | दफा संख्या | | | दफा संख्या | | | असुल गर्नुपर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की | | |
| | | सैद्धान्तिक | लगती | रकम | सैद्धान्तिक | लगती | रकम | सैद्धान्तिक | लगती | रकम | | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | राजस्व लगत जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | कर्मचारी | अन्य | जम्मा |
| १ | लालझाडी गाउँपालिका | ५८ | ३४ | ९९८९ | ० | ० | ० | ५८ | ३४ | ९९८९ | ७७३ | ३४६३ | ५५३४ | ० | ० | ८९९७ | ० | २१९ | २१९ |

## अद्यावधिक बेरुजू स्थिति

## २०७६।०७७

**अनुसूची ३**

(रु. हजारमा)

| क्र.सं. | स्थानीय तह | जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्षको फछ्र्यौट | बाँकी बेरुजू | सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी | हालसम्मको पेश्की बाँकी |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | लालझाडी गाउँपालिका | कञ्चनपुर | ५७४०४ | ० | ० | ५७४०४ | ० | ९९८९ | ६७३९३ | ६५७ |